का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ फागुन २०८१,
शनिबार
1 March, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २३, अंक २७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

अन्तर्राष्ट्रिय सहयोग

## अमेरिकाको स्थान लिने प्रयासमा चीन

राष्ट्रपतिमा डोनाल्ड ट्रम्प दोहोरिएपछि अमेरिकाले लिँदै आएको अन्तर्राष्ट्रिय सहयोगको नीति बदलेको छ । यसबाट प्रभावित अविकसित र अल्पविकसित मुलुकलाई सहयोग गर्ने नीति चीनले लिन खोज्दै छ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ फागुन ।

सरकार आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माणको गृहकार्यमा जुटेको छ । तर, आन्तरिक गृहकार्यमा स्रोतको अभाव रहेको भनेर सरकारी अधिकारीहरू चिन्ता प्रकट गरिरहेका छन् । यस्तो चिन्ता गर्नुको कारण हो- घट्दो बैदेशिक सहायता र वैदेशिक सहयोगबारे अमेरिकाले बदलेको नीति ।

राष्ट्रपतिमा डोनाल्ड ट्रम्प दोहोरिएपछि अमेरिकाले लिँदै आएको अन्तर्राष्ट्रिय सहयोगको नीति बदलेको छ । गत २० जनवरीमा राष्ट्रपतिको शपथ लिएलगत्तै ट्रम्पले विभिन्न कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । ती आदेशमध्ये केही वैदेशिक अनुदान रोक्नेसँग सम्बन्धित छन् ।

ब्यापारी एलन मस्कको नेतृत्वको प्रशासनिक दक्षता विभाग (डीओजीई)ले नेपाल, भारत, बंगलादेशलगायत विश्वका धेरै देशलाई दिँदै आएको अनेक शीर्षकको सहायता रोकेको छ । डीओजीईले नेपाललाई जैविक विविधता संरक्षण गर्न र वित्तीय संघीयताका लागि दिँदै आएको सहयोग रकम रोकेको छ ।

डीओजीईले नेपाललाई वित्तीय संघीयताका लागि र जैविक विविधता संरक्षणका लागि सहयोग दिँदै आएको थियो । यसलाई अमेरिकाले रोकेपछि नेपालको आगामी आर्थिक वर्षका बजेट निर्माणकै विषयसमेत प्रभावित हुने अवस्था आएको हो ।

नेपालमा उत्पादिन विद्युत् बाह्य मुलुकबाट बेच्नेगरी अगाडि बढेको महत्त्वाकांक्षी योजना ट्रान्समिसन लाइनसँग सम्बन्धित परियोजनासमेत अमेरिकी नीतिका कारण अब के हुने



भन्ने अन्योल सिर्जना भएको छ ।

अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) अन्तर्गत संचालिन परियोजना आफैं अगाडि बढाउनुपर्ने बाध्यता नेपाल

> एकातिर यूएसएआईडीले नेपालमा संचालित कार्यक्रमहरु स्थगित गरेको पत्र नेपाल सरकारलाई पठाएको छ । अर्कातिर यही समयमा यूएसएआईडीअन्तर्गतका कार्यक्रमसँग मिल्दोजुल्दो योजनामा सहयोग गर्नेगरी चीनसँग सम्झौता हुँदै छ । यसलाई परराष्ट्र मामलाका जानकारहरु अन्तर्राष्ट्रिय सहयोगमा अमेरिकाको स्थान चीनले लिन खोजेको रुपमा लिन सकिने बताउँछन्

सामु रहेको छ ।

नेपालको बजेटको ठूलो हिस्सा वैदेशिक साहायतासँग सम्बन्धित रहने गरेको छ। नेपाललाई सहयोग गर्नेमध्ये महत्त्वपूर्ण देश अमेरिका हो । तर, अमेरिकाले नै वैदेशिक सहायता रोक्ने भएपछि नेपाल जस्ता अविकसित र अल्पविकसित देश प्रभावित हुने भएका हुन् किनभने अमेरिकाले वैदेशिक सहायताअन्तर्गत विश्वका धेरै देशलाई बजेट दिँदै आएको थियो ।

अमेरिकाले वैदेशिक साहायता रोक्ने भएपछि यसबाट प्रभावित अविकसित र अल्पविकसित मुलुकलाई सहयोग गरेर आफ्नो प्रभाव बनाउने नीति चीनले लिन खोज्दै छ ।

यसको पछिल्लो उदाहरण हो- नेपालको आदिवासी जनजाति आयोग र चीनको राष्ट्रिय जातीय आयोगबीच भएको सहायतासम्बन्धी सम्झौता ।

यही १३ फागुनमा काठमाडौंमा आयोजित एक समारोहमा नेपालका आदिवासी जनजातिहरूको वृत्ति विकासका लागि चीनले सहायता दिनेगरी नेपाल र चीनबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । यो सम्झौतामा चीनका तर्फबाट जातीय आयोगका अध्यक्ष एवं मन्त्री फान यु र नेपालका तर्फबाट जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगरले हस्ताक्षर गरेका छन् ।

चीनसँग भएको यो सम्झौताको प्रकृति युनाइटेड स्टेट्स एजेन्सी फर इन्टर नेसनल डेभलपमेन्ट (यूएसएआईडी)सँग मिल्दोजुल्दो छ ।

अमेरिकाले १९५१ देखि संचालन गर्दै आएको यूएसएआईडीअन्तर्गत कार्यक्रम र परियोजना नेपालमा त्यसबेलादेखि नै संचालित थिए । तर, अमेरिकाले यो पनि बन्द गर्ने नीति लिएको छ । यसबाट नेपाल प्रभावित बन्दै छ किनभने सन् २०२३ देखि २०२९ सम्मका लागि यूएसएआईडीले नेपालमा धेरै कार्यक्रम अघि बढाउनेगरी सम्झौता भएको थियो ।

सरकार र यूएसएआईडीबीच भएको 'विकास लक्ष्यसम्बन्धी सम्झौता'अनुसार ६६ करोड अमेरिकी डलर >>> पृष्ठ २ मा

## 'कोमा'मा कांग्रेसका भ्रातृ संगठन





> पार्टीले निर्देशन समिति बनाएर जिम्मेवारी दिएपछि केही संगठनको अधिवेशन सकिएको छ भने राष्ट्रिय लोकतान्त्रिक अपांग संघको अधिवेशन चैतको पहिलो हप्तामा सक्नेगरी प्रक्रिया अघि बढेको छ

**मधु आचार्य**
**केन्द्रीय सदस्य**
**नेपाली कांग्रेस**



> निर्देशन समिति आएपछि मात्र महाधिवेशन लक्षित गतिविधि अघि बढाउनू भन्ने पार्टीबाटै निर्देशन आएका कारण महाधिवेशन केही ढिला हुने अवस्था पुगेको हो तर अब महाधिवेशन रोकिँदैन

**उषा राउत मिश्र**
**अध्यक्ष**
**नेपाल महिला संघ**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १६फागुन ।

आफूलाई लोकतान्त्रिक शक्तिका रूपमा दाबी गर्ने संसद्को पहिलो राजनीतिक दल नेपाली कांग्रेसले भ्रातृ संगठनहरू तदर्थवादमै अल्झाएर 'कोमा'मा पुऱ्याएको छ । वर्षौंदेखि तदर्थवादको सिकारले 'कोमा'मा पुगेका भ्रातृ संगठनहरूको महाधिवेशन अझै पनि नेताहरूकै कारणले रोकिँदै आएको हो ।

पार्टीका भ्रातृ संगठनलाई विधि र विधानभन्दा पनि गुटगत स्वार्थ र तदर्थवादमा संचालन गर्ने यो वा त्यो बहानाले निरन्तरता पाउँदा कांग्रेसका प्रमुख भ्रातृ संगठनहरूको महाधिवेशन वर्षौंदेखि हुन नसकेको नेताहरूले स्वीकार गरेका छन् ।

पार्टीको मेरुदण्डका रूपमा रहेका भ्रातृ संगठनको महाधिवेशन समयमै नहुँदा पार्टीलाई बलियो बनाउन र युवा, विद्यार्थी, महिला, किसानहरूमा ऊर्जा थप्न सकेको छैन । भ्रातृ संगठनहरूको महाधिवेशन वर्षौंसम्म नगर्दा पार्टीमा नवप्रवेशीहरूको कमी हुने र पार्टीलाई विभिन्न क्षेत्र तथा समुदायमा जागृत गराउन कठिन हुने नेताहरूले बताउँदै आएका छन् ।

पार्टी संस्थापन पक्षका नेताहरूले आफ्नो पक्षमा भ्रातृ संगठनको नेतृत्व ल्याउने अवस्था भए मात्र महाधिवेशन गर्ने नत्र फेरि अर्को तदर्थ समिति नै ल्याउन खोजेको एक केन्द्रीय सदस्यले बताए ।

उनले मध्यान्हसँग भने, 'अहिले पनि पार्टीको मूल नेतृत्व भ्रातृ संगठनमा आफूअनुकूल बनाउन सकिन्छ कि सकिँदैन भनेर पर्खेको जस्तो देखिन्छ । यदि आफ्ना पक्षमा नआउने अवस्था रहे महाधिवेशन नगरी अर्को तदर्थ समिति ल्याउनेतर्फ पनि नेतृत्वको नजर गएको छ ।'

नेता उत्पादनको नर्सरीका रूपमा खडा भएका नेपाल विद्यार्थी संघ, नेपाल तरुण दल, नेपाल महिला संघ, नेपाल दलित संघ, नेपाल लोकतान्त्रिक खेलकुद संघ, नेपाल किसान संघ, आदिवासी जनजाति संघ, लोकतान्त्रिक अपांग संघ, तामाङ संघ, ठाकुर समाज, भूतपूर्व सैनिक संघलगायत भ्रातृ संगठनहरूको महाधिवेशन हुन नसक्दा पार्टीको शाख क्षयीकरण हुँदै गएको भन्दै कांग्रेसका केन्द्रीय नेताहरूले चिन्ता व्यक्त गरेका छन् ।

'पार्टीको मुख्य जिम्मेवारीमा रहेका नेताहरूले भ्रातृ संगठन महाधिवेशन समयमै गर्न निर्देशन दिनुपर्ने केही ढिला भएको छ', कांग्रेसका केन्द्रीय सदस्य एवं >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## उडान कटौती भएपछि भारतीय विमानस्थल प्रयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन ।

नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारको ठूलो हिस्साले भारतीय विमानस्थल प्रयोग गर्नुपरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार सुरुवात भएको गत कात्तिकदेखि नेपाल आउने उडान कटौती भएपछि नेपालीहरू भारतीय विमानस्थल प्रयोग गरेर श्रम गन्तव्यमा पुग्न सुरु गरेका हुन् ।

नेपालबाट गन्तव्य मुलुक जाने सिधा टिकट नपाइने र पाइए पनि कामदारको क्षमताभन्दा धेरै महँगो हुने भएपछि नेपाली कामदार भारत हुँदै खाडी मुलुक जान थालेका हुन् ।

नेपाल एसोसिएसन अफ टुर्स एन्ड ट्राभल्स अर्थात् नाट्टाका अध्यक्ष कुमारमणि थपलिया ५५ हजारभन्दा बढी नेपाली कामदार भारतीय विमानस्थलबाट उडेको अनुमान लगाउँछन् ।

सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सट्टामा पोखरा विमानस्थलबाट उडान भर्ने बताए पनि ती विमानस्थल वैदेशिक रोजगारीका लागि जाने कामदारका लागि प्रभावकारी नहुँदा बढी मात्रामा भारतीय विमानस्थल प्रयोग भएका हुन् । नेपाली कामदार भारतबाट उड्दा नेपाली ट्राभल्सहरूको आम्दानीमा पनि गिरावट आएको बताइएको छ ।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हाल नेपाल वायुसेवा निगम, फ्लाई दुबई, जजिरा र थाइल्यान्डको थाई एयर एसियाले उडान भरेका छन् । नेपाल वायुसेवा निगमका धेरै विमान ग्राउन्डेड भएका कारणले उडान नभरेपछि नेपाली कामदार विदेशी ध्वजाबाहक जहाजमा निर्भर हुनुपरेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको ७ महिनामा ४ लाख ६५ हजार ५०८ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन् । प्रतिमहिना ७२ हजारभन्दा बढी युवा-युवती वैदेशिक रोजगारीमा गएका छन् ।

मुलुक अर्थतन्त्रमा उनीहरूले पठाउने रेमिटयान्समार्फत ठूलो >>> पृष्ठ २ मा

## संघकै सिको प्रदेशमा
### ७ वर्षमा भएन लुम्बिनीमा उल्लेखनीय काम



> प्रदेशमा आउनुपर्ने अधिकारहरु अहिले पनि संघमा नै छन् । यसले गर्दा प्रदेश अधिकारकै लडाइँमा लाग्नु परिरहेको छ

**चेतनारायण आचार्य**
**मुख्यमन्त्री**




**मुख्यमन्त्रीहरू**
- शंकर पोखरेल
- कुलप्रसाद केसी
- लीला गिरी
- डिल्लीबहादुर चौधरी
- जोखबहादुर महरा
- चेतनारायण आचार्य

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १६ फागुन ।

केन्द्रमा भइरहेको राजनीतिक अस्थिरता र सरकार फेरबदलको असर प्रदेशमा कसरी पर्छ भन्ने गतिलो उदाहरण लुम्बिनी प्रदेश पनि बनेको छ ।

संघमा सत्ता समीकरण बदलिएपछि प्रदेशमा पनि यसको असर पर्दै आएको हो । जसरी संघमा सरकार फेरबदल हुन्छ, त्यसैगरी प्रदेशमा पनि समीकरण फेरिँदै आएको छ । संघीयता कार्यान्वयनपछि संघमा ५ पटक सरकार परिवर्तन भएको छ भने प्रदेश स्थापना भएको ७ वर्षमा केन्द्र जस्तै लुम्बिनी प्रदेशमा पनि एकपछि अर्को गरी सरकार फेरिँदै आएको छ ।

लुम्बिनीमा संघीयता कार्यान्वयनपछिका ७ वर्षमा ६ वटा सरकार बनेका छन् । पहिलो कार्यकालको ५ वर्षमा २ र दोस्रो कार्यकालको अहिलेसम्म २ वर्षको अवधिमा ४ वटा सरकार बनेका हुन् ।

प्रदेशमा सरकार एकपछि अर्को फेरिइरहँदा विकासका काम सुस्त, गतिहीन र अप्रभावकारी बनेका छन् । अर्कातर्फ, घाटा बजेटले उधारोमा काम गर्नुपरेको छ ।

लुम्बिनीको पहिलो मुख्यमन्त्री दाङका शंकर पोखरेल बनेका थिए । उनी ३ फागुन २०७४ मा पहिलो मुख्यमन्त्रीका रूपमा नियुक्त भएका थिए ।

पोखरेलका पालामा लुम्बिनी प्रदेश सरकारमा ७ वटा मन्त्रालय थिए । तर, उनले ६ जना मात्र मन्त्री नियुक्त गरेका थिए ।

आधुनिक राजधानी निर्माणका लागि डिजाइन बनाउँदै गर्दा संघमा कांग्रेस-माओवादीको सत्ता सहकार्य बन्यो । लुम्बिनीमा पनि सरकार कमजोर भयो । दाङबाट सूर्य चिह्नबाट निर्वाचन जितेकी बिमला वलीले माओवादी रोजेपछि पोखरेल नेतृत्वको सरकार ढल्यो ।

त्यसपछि २८ साउन २०७८ मा कांग्रेस-एमालेसहितको साना दलको गठबन्धनबाट माओवादीका कुलप्रसाद केसी दोस्रो मुख्यमन्त्री बने । आफूलाई समर्थन गरेकालाई भागबन्डा पुऱ्याउन केसीले ७ वटा मन्त्रालय फुटाएर १७ जना मन्त्री बनाए । केसीले >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ फागुन २०८१ शनिबार
1 March 2025, Saturday

# नेपाल र जापानबीच आयात-निर्यातको सम्बन्ध विकसित हुन थालेको छ : प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले तेस्रो नेपाल-जापान फ्रेन्डसिप समिट-२०२५ का माध्यमबाट दुई देशबीचको सम्बन्ध अझ विस्तार गर्न टेवा पुग्ने बताएका छन्।

सो समिटमा सहभागी हुन नेपाल आएका जापानी टोली र नेपाली समन्वयकर्ताहरुसँग शुक्रबार प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री ओलीले नेपाल र जापानबीच सरकार-सरकार र जनता-जनताबीचको लामो सम्बन्ध अब आयात-निर्यातमा पनि विकसित हुन थालेको बताए।

'नेपालीहरु राम्रो रोजगारीका लागि जापान पनि गएका छन्। नेपालको फापर जापान पुगेको छ। जापानबाट गोल्डेन ट्राउड नेपाल भित्रिएको छ। जनस्तरका यस्ता असल सम्बन्धका अनेक आयामहरु छन्', प्रधानमन्त्री ओलीले भने, 'हामीबीच अब्बल मित्रता छ। खाली मित्रताबाहेक अरु केही छैन। हाम्रो सम्बन्ध साकुराजस्तै लटरम्म भएर फुलेको छ। समस्यारहित यो सम्बन्ध तथा विकासको साझेदारीलाई सूचना प्रविधिको सहयोगमा उचाइका साथ अगाडि बढाउनुपरेको छ।'

प्रधानमन्त्री ओलीले युद्धले विनाश र शान्तिले विकास दिन्छ भन्ने उदाहरण जापानले प्रस्तुत गरेको उल्लेख गर्दै विश्वमा शान्ति छाओस् भन्ने आफूहरुको प्रबल इच्छा र सक्रिय प्रयास रहेको बताए। एक दशकभन्दा बढी समयदेखि उद्यमशीलता प्रवर्द्धन र व्यावसायिक मार्गदर्शनमा सक्रिय रहेको आइडिया स्टुडियो नेपालअन्तर्गतको समूहद्वारा सञ्चालित लिडएक्स नेपाल र फोर्थ लिभायेको आयोजनामा यही फागुन १४ देखि १६ गतेसम्म नेपालमा समिट आयोजना गरिएको हो।

# मधेशको विकास र समृद्धिमा ध्यान केन्द्रित : प्रचण्ड




**सप्तरी/मस-** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले मधेशको विकास र समृद्धिमा आफू नेतृत्वको पार्टीले निरन्तर ध्यान दिँदै आएको बताएका छन्।

तराई मधेश जागरण अभियानअन्तर्गत यहाँको खडक नगरपालिकामा शुक्रबार आयोजित साक्षर नगरपालिका निर्माण अभियान कार्यक्रममा उनले भने, 'सुशासन कायम गर्नुपर्‍यो, मधेसको विकास निर्माण र समृद्धिमा ध्यान केन्द्रित गर्नुप-यो, भनेर म लगायत पार्टीको सिङ्गो नेतृत्व टिम अहिले तराई मधेस अभियानमा आएको छ।'

संघीयता, समावेशिताको बढी आवश्यकता मधेसी समुदायलाई भएको र यसको नेतृत्वकर्ता माओवादी भएकाले अब माओवादी र मधेशी जनताको एकता अपरिहार्य भइसकेको उनले जिकिर गरे।

अन्य प्रदेशमा पहिचानको सवाल कम सम्बोधन भए पनि मधेश प्रदेशको नामकरण पहिचानबाट भएकामा गर्व महसुस भएको उल्लेख गर्दै अध्यक्ष दाहालले माओवादी र मधेसी जनता एक ठाउँमा केन्द्रित नहुने हो भने प्राप्त उपलब्धि खोसिने खतरा रहेकोतर्फ सचेत गराए। आफूलाई मधेशवादी भन्ने दलहरुको दिशा जनतातिर नभई प्रतिक्रियावादीतिर उन्मुख रहेको उनको आरोप थियो।

माओवादीले सबैभन्दा पहिले मधेशी मुक्ति मोर्चा गठन गरेर जनयुद्ध थालनी गरिएको स्मरण गराउँदै अध्यक्ष दाहालले मधेशसँगै वर्गीय मुक्तिका लागि जीवन आहुति दिने शहीदका सपना पूरा गर्ने जिम्मेवारी माओवादीले लिने प्रतिबद्धता जनाए।

# हिमाली जिल्लामा आइतबारदेखि एचपीभी खोप अभियान सुरु हुने




**काठमाडौं/मस-**प्रतिकूल मौसमले हिमाली जिल्लामा रोकिएको पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप अभियान यही फागुन १८ देखि सञ्चालन गरिने भएको छ। हिमाली जिल्लाहरु मनाङ, मुस्ताङ, डोल्पा र हुम्लामा हिमपातका कारण खोप अभियानमा कठिनाइ भएको थियो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले मन्त्रालयको नियमित भिडियो ब्रिफिङमा मनाङ, मुस्ताङ र हुम्लामा फागुन १८ र डोल्पामा फागुन २२ गतेदेखि खोप अभियान सञ्चालन हुने जानकारी गराए।

स्वास्थ्य मन्त्रालयले गत माघ २२ देखि फागुन ६ गतेसम्म सञ्चालन गरेको यो अभियानमा कुल लक्ष्यको ९२ प्रतिशतले एचपिभी खोप लगाइसकेका छन्। ब्रिफिङमा प्रवक्ता बुढाथोकीले गत असोजमा बाढीबाट प्रभावित जिल्ला काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली र ललितपुरका सातवटा स्थानीय तहमा एआई एक्सरेका माध्यमबाट क्षयरोगको सक्रिय खोजपड्ताल शिविर सञ्चालन गरिएको बताए। उनले कुल दुई हजार पाँच सय ९२ जनाको परीक्षण गर्दा १० जनामा क्षयरोग पुष्टि भएको र थप छ सय १५ जनामध्ये ५४ जनाको रिपोर्ट आउन बाँकी रहेको बताए।

त्यसैगरी उनले बाँकेमा हात्तीपाइले रोगविरुद्धको आम औषधि सेवन अभियानमा कुल लक्षित जनसंख्यामध्ये ३१ दशमलव नौ प्रतिशतले औषधि सेवन गरिसकेको बताए। उनका अनुसार नेपालगञ्ज उपमहानगरपालिकामा लक्षित जनसंख्या दुई लाख ५७ हजार सात सय ६२ मध्ये २७ प्रतिशत, डुडुवा गाउँपालिकामा ४३ हजार नौ सय ७५ मध्ये ४२ दशमलव चार प्रतिशत, नरैनापुर गाउँपालिका ४४ हजार एक सय ४८ मध्ये ४० दशमलव नौ प्रतिशत र बैजनाथ गाउँपालिकामा नौ हजार छ सय ८४ मध्ये २३ दशमलव तीन प्रतिशतले औषधि सेवन गरिसकेको जनाए।

# गुणस्तरीय र व्यावहारिक शिक्षामा जोड

**महमद सदाब/मध्यान्ह**
वीरगन्ज, १७ फागुन



वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले विद्यार्थीहरूको सिर्जनशीलता र आत्मविश्वास बढाउन विभिन्न सांस्कृतिक तथा सृजनात्मक कार्यक्रममा जोड्नुपर्ने बताएका छन्।

विरगन्जस्थित गौतम स्कूलको ४८ औं वार्षिकोत्सवको अवसरमा नगरप्रमुख सिंहले बालबालिकाको प्रतिभा उजागर गर्न सांस्कृतिक तथा सृजनात्मक कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताए।

यस्तै उनले विद्यालयको शैक्षिक सुधारका लागि शिक्षक, विद्यार्थी, अभिभावक सबैको उत्तिकै भूमिका रहने बताए। यस्तै उनले विद्यालयले गुणस्तरीय र व्यावहारिक शिक्षामा जोड दिनुपर्ने बताए।

कार्यक्रममा उपमेयर इम्तियाज आलमले गौतम स्कूलले शिक्षाको क्षेत्रमा वर्षदेखि पुर्‍याउँदै आएको योगदानको उच्च प्रशंसा गरेका थिए।

स्कूलकी सहायक प्रधानाध्यापक परीक्षा पिया लामाले आफ्नो मन्तव्यमा विद्यालयको लामो यात्रा र उपलब्धिहरूबारे प्रकाश पारेकी थिइन्। उनले ४८ वर्षको अवधिमा विद्यार्थी, शिक्षक र अभिभावकहरूको सहयोगले गौतम स्कूलले यो उचाइ हासिल गरेको बताइन्।

कार्यकारी निर्देशक सोनम लामाले आगामी दिनमा अझ प्रभावकारी शैक्षिक योजना र कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। सो कार्यक्रम सहजीकरण गौतम स्कूलको शिक्षक सौराज प्रधानले गरेका थिए।

कार्यक्रममा बालबालिका र विद्यार्थीहरूले विभिन्न सांस्कृतिक तथा सृजनात्मक प्रस्तुतिहरूमार्फत आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए।

# बर्थिङ सेन्टर बन्द हुँदा सुत्केरीलाई सास्ती

**जुम्ला/मस-** जुम्लाको तिला गाउँपालिका-२ मा रहेको रारालिही स्वास्थ्य चौकीमा रहेको बर्थिङ सेन्टर करिब १० महिनादेखि बन्द हुँदा सुत्केरीलाई समस्या भएको छ। चार महिनाभित्र बर्थिङ सेन्टरको भवन निर्माण गर्ने भन्दै सेवा बन्द गरिएको थियो। अहिले नयाँ भवन निर्माण सम्पन्न भइसके पनि सञ्चालनमा नआउँदा स्थानीय सुत्केरीलाई उपचारमा समस्या हुँदै आएको हो।

बर्थिङ सेन्टरभित्र आवश्यक पर्ने तातो, चिसो पानी र विद्युत्को लाइन जोड्ने काम ढिलो हुँदा सेवा प्रवाह बन्द भएको तिला-२ का वडाध्यक्ष चन्द्र बोहोराले बताए। उपभोक्ता समितिबाट भवन निर्माण सम्पन्न भइसकेको भन्दै केही साताभित्र विद्युत्को लाइन जडान गरी सञ्चालनमा ल्याउने तयारी भइरहेको उनले जानकारी दिए।

'बर्थिङ सेन्टरलाई आवश्यक पर्ने स्रोतसाधन र बजेटको व्यवस्थापन नहुँदा सञ्चालनमा समस्या भएको हो। यहाँबाट उपलब्ध सेवा बन्द भएपछि तिलाका-१ र २ वडाका स्थानीयलाई सास्ती भइरहेको छ', उनले भने।

तत्काल बर्थिङ सेन्टर सञ्चालन गरी स्वास्थ्य सेवा सहज बनाउन सम्बन्धित वडालाई परिपत्र गरिएको गाउँपालिकाका उपाध्यक्ष गोरीकला बुढाले बताइन्। 'उक्त सेन्टर सञ्चालनमा ल्याउन निरन्तर पहल गरिरहेका छौँ। अहिले पालिकाको एम्बुलेन्सले सुत्केरीलाई निःशुल्क रूपमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ल्याउने र पुर्‍याउने गरिरहेको छ', उनले भनिन्।

अहिले प्रसूति हुने सबैलाई पालिकाको कुडारी स्वास्थ्य चौकी र सदरमुकाम खलङ्गास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पुर्‍याउनुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन्। गाउँको बर्थिङ सेन्टर बन्द हुँदा रातारात सदरमुकाम पुग्नुपर्ने, होटलमा खाने बस्ने प्रबन्ध गर्नुपर्दा धेरै खर्च हुने गरेको यहाँका स्थानीयलले गुनासो गरेका छन्।

रारालिही स्वास्थ्य चौकीका अधिकृत हिमाली खत्रीका अनुसार बर्थिङ सेन्टरका लागि नयाँ भवन निर्माण सम्पन्न भइसकेकाले यथाशीघ्र सञ्चालनमा आउने विश्वास गरिएको छ। यसअघि यहाँ तालिमप्राप्त दक्ष प्रसूतिकर्मीबाट सेवा सञ्चालन हुँदै आएको थियो। गत आर्थिक वर्षमा २२ जनाले सुत्केरी सेवा लिएका जनाउँदै उनले चालु आवमा कसैले पनि सेवा नलिएका बताए।

पुरानो र जीर्ण भवनबाट लामो सयमसम्म सेवा दिएको बर्थिङ सेन्टरको सुविधासम्पन्न भवन निर्माणका लागि सेवा बन्द गरिएको गाउँपालिकाका स्वास्थ्य संयोजक हर्क रावतले बताए।

यहाँबाट दिइने सेवा बन्द भएपछि गर्भवती र सुत्केरीले सास्ती खेप्नुपरेको तिला-१ वडाध्यक्ष जंगबहादुर बस्नेतको भनाइ छ। उनका अनुसार गत वर्षको जेठदेखि चालु आवको हालसम्म बर्थिङ सेन्टर बन्द हुँदा यहाँका सेवाग्राही प्रसूति सेवाका लागि सदरमुकाम र बाहिर जान बाध्य भएका छन्।

## अमेरिकाको...

(करिब ९१ अर्ब रुपैयाँ) बराबरका कार्यक्रम संचालनमा थिए। यसमध्ये ४० करोड डलर (५५ अर्ब रुपैयाँभन्दा बढी) बराबरका कार्यक्रम स्वीकृत भइसकेका थिए।

तर, यी सबै कार्यक्रम ट्रम्प नीतिले स्थगित भएपछि चीनले सहयोगको हात अगाडि बढाएको हो। एकातिर यूएसएआईडीले नेपालमा संचालित कार्यक्रमहरू स्थगित गरेको पत्र नेपाल सरकारलाई पठाएको छ। अर्कातिर यही समयमा यूएसएआईडीका कार्यक्रमसँग मिल्दोजुल्दो योजनामा सहयोग गर्नेगरी चीनसँग सम्झौता हुँदै छ। यसलाई परराष्ट्र मामलाका जानकारहरू अन्तर्राष्ट्रिय सहयोगमा अमेरिकाको स्थान चीनले लिन खोजेको रूपमा लिन सकिने बताउँछन्।

## उडान...

योगदान छ। वैदेशिक रोजगारीमा जाने उनीहरूले भारतीय विमानस्थल पुग्न सीमावर्ती क्षेत्रमा अनेक समस्या झेल्नुपरेको बताउँछन्।

राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले अन्तर्राष्ट्रिय श्रम गन्तव्यको हवाई भाडा दरमा न्यूनतम २ हजार ५०० देखि अधिकतम ५ हजार रुपैयाँसम्म छुट दिइएको बताएको छ। तर, जहाज नै ग्राउन्डेड पनि वैदेशिक रोजगारीमा जाने कामदारका लागि उक्त छुट अर्थहीन बनेको बताइएको छ।

## "कोमा"मा

राष्ट्रिय लोकतान्त्रिक अपांग संघ महाधिवेशन केन्द्रीय निर्देशन समितिका संयोजक मधु आचार्यले भने, 'यो विषय पार्टीका लागि सुखद होइन, यद्यपि पछिल्लो पटक केन्द्रीय समितिले निर्देशन समिति बनाएर जिम्मेवारी दिएपछि केही कामहरू भएका छन्। केही संगठनको अधिवेशन सकिएको छ भने राष्ट्रिय लोकतान्त्रिक अपांग संघको अधिवेशन चैतको पहिलो हप्तामा सकिनेगरी प्रदेश अधिवेशनहरू सम्पन्न हुने क्रममा छन्।'

नेविसंघ, तरुण दलमा अझै समस्याहरू भएकाले निर्देशक समितिका नेताहरूले बढी काम गर्नु जरुरी रहेको उनको भनाइ छ।

नियमित महाधिवेशन नगरेका १० वटा भ्रातृ संगठनलाई पार्टीको कार्यसम्पादन समिति बैठकले ३ फागुन २०७८ मा भंग गरेको थियो। त्यसबेला नेविसंघ, तरुण दल, प्रजातन्त्र सेनानी संघ, किसान संघ, आदिवासी जनजाति संघ, लोकतान्त्रिक अपांग संघ, तामाङ संघ, ठाकुर समाज, महिला संघ र भूतपूर्व सैनिक संघको केन्द्रीय समिति विघटन गरिएको थियो।

पछि महाधिवेशन गर्ने निश्चित अवधि तोकेर सबै संगठनलाई पुनर्गठन गरिएको थियो। नेविसंघ, तरुण दल, महिला संघको २०७३ सालपछि महाधिवेशन भएको छैन। त्यस्तै, नेपाल किसान संघको २०६४ सालपछि महाधिवेशन हुन सकेको छैन। राष्ट्रिय लोकतान्त्रिक अपांग संघ, नेपाल भूतपूर्व सैनिक संघसहितका भ्रातृ संगठनहरूको अवस्था पनि उस्तै छ।

पार्टी केन्द्रीय सदस्य एवं नेविसंघ महाधिवेशन केन्द्रीय निर्देशन समिति सदस्य प्रतितमा गौतमले पछिल्लो समय संगठनका अध्यक्षहरूले महाधिवेशन पूर्वतयारीका लागि सक्रियता बढाएको बताइन्।

उनले भनिन्, 'सबै भ्रातृ संगठनलाई चैत महिनाभित्र महाधिवेशन गर्नेगरी कार्यतालिका सार्वजनिक गर्न पार्टीले निर्देशन गरिसकेको छ। सोहीअनुसार तरुण दल र महिला संघले पूर्णकालप्न सदस्यता वितरण प्रक्रिया अघि बढाएका छन्। नेविसंघ ५ चैतमा हुने स्ववियु निर्वाचनको तयारीमा लागेका कारण केही ढिला भएको छ भने किसान संघलगायत अन्य संगठनहरू पनि अधिवेशनको तयारीमा लागेका छन्।'

विगत १० वर्षदेखि महाधिवेशन हुन नसकेका नेविसंघ, तरुण दल र महिला संघको महाधिवेशन गराउने जिम्मेवारसहित गत १६ असोजमा पार्टी सभापति शेरबहादुर देउवाले सहमहामन्त्रीको नेतृत्वमा २/२ केन्द्रीय सदस्य रहनेगरी ३ वटा निर्देशन समिति गठन गरेर महाधिवेशन गराउने सम्मको जिम्मेवारी दिएका थिए।

सहमहामन्त्री किशोरसिंह राठोरको संयोजकत्वमा नेविसंघ, सहमहामन्त्री उमाकान्त चौधरीको संयोजकत्वमा नेपाल महिला संघ र सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'को संयोजकत्वमा नेपाल तरुण दलको महाधिवेशन निर्देशन समिति बनाइएको छ।

नेपाल दलित संघ महाधिवेशन निर्देशक समितिका सहमहामन्त्री जीवन परियारको संयोजकत्वमा रहेको छ। त्यस्तै, ८ देखि १७ वर्षसम्म महाधिवेशन नभएका संगठनहरूको समेत महाधिवेशन गर्ने प्रयोजनका लागि पार्टीको केन्द्रीय समिति बैठकले निर्णय गरेर निर्देशन समिति बनाएको छ।

नेपाल महिला संघकी अध्यक्ष उषा राउत मिश्रले महिला संघको महाधिवेशन तयारीका लागि निर्देशन समिति अरूभन्दा २ महिना ढिला गरी आएकाले महाधिवेशनको प्रक्रिया ढिला हुन पुगेको बताइन्।

'पार्टीले निर्देशन समिति आएपछि मात्र महाधिवेशन लक्षित गतिविध अघि बढाउनू भन्ने निर्देशन गरे पनि हामीले सदस्यता वितरणलगायतका काम ढिला गरी सुरु गर्‍यौं', उनले भनिन्, 'यद्यपि, जिल्ला जिल्लामा सदस्यता वितरणको काम भइरहेको छ। १ महिनाभित्र महाधिवेशन पूर्वतयारीका सबै कामहरू सक्नेगरी अघि बढेका छौं। प्रदेश संरचनाको महाधिवेशनसमेत पहिलो पटक हुने र १२ वर्षदेखि अधिवेशन हुन नसक्दा देखिएका सांगठनिक समस्याहरूसमेतलाई व्यवस्थित गर्नुपर्ने अवस्थाले महाधिवेशन केही ढिला हुन्छ तर अब रोकिँदैन।'

भ्रातृ संगठनको महाधिवेशन निर्देशन समितिले महाधिवेशन लक्षित गतिविधि गरे पनि पार्टीका मूल संगठनको महाधिवेशनको तयारी नपुगेको केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले टिप्पणी गरे। 'यही अवस्थामा नेविसंघ, तरुण दल र महिला संघसहित भ्रातृ संगठनको अधिवेशन चैतभित्रमा हुन सक्ने अवस्था नरहेकाले सम्बन्धित संगठनका प्रमुख र निर्देशक समितिले थप तदारुकतासाथ काम गर्नुपर्छ', उनले भने।

अहिलेसम्म नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघ र प्रजातन्त्र सेनानी संघको मात्र महाधिवेशन सम्पन्न भएको छ। अरू भ्रातृ संगठनहरू महाधिवेशनको तयारीमा जुटेका नेपाली कांग्रेसले जनाएको छ।

## संघकै...

रातारात स्थायी राजधानी दाङको देउखुरीमा कार्यालय स्थान्तरण गरेका थिए।
५ मंसिर २०७९ मा प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनपछि सोही वर्ष १७ पुसमा एमाले-माओवादीको गठबन्धनबाट एमालेका लीला गिरी तेस्रो मुख्यमन्त्री नियुक्त भए। उनले मन्त्रालय संख्या घटाएर ११ सदस्यीय बनाए। तर, २ महिना नपुग्दै केन्द्रमा गठबन्धन फेरिएर कांग्रेस-माओवादीको सत्ता सहकार्य बन्दा उनी अल्पमतमा परे।

११ वैशाख २०८० मा गिरीले लुम्बिनी प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसकेपछि उनको सरकार ढल्यो। उनको पालामा पनि उल्लेखनीय काम हुन सकेन।

केन्द्रमा कांग्रेस-माओवादीको सत्ता सहकार्य बनेपछि लुम्बिनी सरकारको नेतृत्व कांग्रेसको भागमा पर्‍यो, जसअनुसार कांग्रेसका डिल्लीबहादुर चौधरी १४ वैशाखमा चौथो मुख्यमन्त्री नियुक्त भए।

तर, केन्द्रमा एमाले-माओवादीको नयाँ गठबन्धन बन्दा ११ महिनामा चौधरी नेतृत्वको सरकार ढल्यो। उनको पालामा आर्थिक वर्षको भाषण प्रस्तुतबाहेक अरू कुनै काम भएन। उनले पनि मन्त्रालयको संख्या घटाएर ९ बनाए तर उनको पालामा भने प्रदेश निजामती कर्मचारी विधेयक प्रदेशसभाबाट सर्वसम्मत रूपमा पारित भयो।

संघमा एमाले-माओवादीको सत्ता गठबन्धनबाट २३ चैत २०८० मा नेकपा (माओवादी केन्द्र)का जोखबहादुर महरा पाँचौं मुख्यमन्त्री बने। तर, गठबन्धन फेरिएर केन्द्रमा २०८१ असारमा कांग्रेस-एमालेको नयाँ गठबन्धन बनेपछि महरा अल्पमतमा परे र ६ साउनमा राजीनामा दिए। महराको कार्यकालमा १४ महिनादेखि गठन हुन नसकेको संसदीय समिति गठन भयो। उनको पालामा संसद्ले बिजनेस पायो भने केही सन्तुलित ढंगले काम भयो।

लुम्बिनी प्रदेशसभामा सबैभन्दा ठूला दल कांग्रेस-एमालेको अहिले सरकार छ। ७ साउनमा एमालेका चेतनारायण आचार्य छैटौं मुख्यमन्त्री नियुक्त भए।

### मुख्यमन्त्रीको गुनासो

संघमा सत्ता फेरबदल भएर लुम्बिनीमा सरकार छाड्दा हरेक मुख्यमन्त्रीले प्रदेशमा अझै संघीयता नआएको र संघमा सरकार फेरिँदा प्रदेशमा पनि असर परेको गुनासो गर्दै आएका छन्।

अस्थिर सरकारका कारण कानुन निर्माणको गति बढाउन नसकेको प्रदेशले प्रदेशसभाको सक्रियता पनि बढाउन सकेको छैन। लामो समयसम्म विषयगत समिति गठन गर्न नसक्नु र गठन भएपछि पनि नेतृत्व चयनमा ढिलासुस्तीका कारण समितिहरूको सक्रियता सन्तोषजनक छैन।

लुम्बिनी प्रदेशसभा ८७ सदस्यीय छ। प्रदेशसभाको रेकर्डअनुसार करिब सबै बैठकमा नियमित उपस्थित हुने सांसदको संख्या निकै कम छ।

### सम्पति विवरण गोप्य

६ मुख्यमन्त्रीमध्ये वर्तमान मुख्यमन्त्री आचार्यले मात्र सम्पत्ति विवरण सार्वजनिक गरेका छन्। तर, त्यो पनि सरकारी वेबसाइटमा भने राखिएको छैन। अन्य कुनै पनि मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन्। ७ वर्षमा लुम्बिनी प्रदेशमा ४२ जना मन्त्री भएका छन्।

संविधानतः सार्वजनिक पद धारण गरेको ६० दिनभित्र र त्यसपछि आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेस गर्नुपर्ने कानुनी व्यवस्था छ। तर, अहिलेसम्म मुख्यमन्त्री र मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन्।

पहिलो मुख्यमन्त्री पोखरेल नेतृत्वको सरकारमा सामाजिक विकास मन्त्री बनेका सुदर्शन बरालले मात्र सम्पत्ति सार्वजनिक गरेका थिए। त्यसपछि बनेको केसी नेतृत्वको सरकारमा कुनै पनि मन्त्रीले सम्पत्ति विवरण सार्वजनिक गरेनन्।

यसैगरी, गिरी नेतृत्वको सरकारका कुनै पनि मन्त्रीले सम्पत्ति विवरण सार्वजनिक गरेनन्। त्यसपछि बनेको चौधरी नेतृत्वको सरकारका मन्त्रीहरूले पनि विवरण सार्वजनिक गरेनन्। गिरीपछि मुख्यमन्त्री बनेका महरा नेतृत्वको सरकार पनि सम्पत्ति विवरण सार्वजनिक नगर्ने सूचीमा छ। त्यसपछि बनेको आचार्यको सरकारमा उनले मात्र सम्पत्ति विवरण सार्वजनिक गरेका छन्। मन्त्रिपरिषद्का अन्य सदस्यहरूको सम्पत्ति विवरण पनि सार्वजनिक भएको छैन।

### कानुन निर्माण सुस्त

प्रदेशसभाको पहिलो कार्यकालमा कानुन निर्माणलाई ध्यान दिएको थियो। ५ वर्षे कार्यकालमा प्रदेशसभाबाट ७२ वटा ऐन बने पनि कतिपय ऐनहरू ७ वर्षमा पनि कार्यान्वयनमा आएका छैनन्। त्यस अवधिमा प्रदेशसभाले एउटा मूल विधेयक मात्र बनायो र त्यो पनि कार्यान्वयनमा आउन सकेको छैन। तर, पहिलो १ वर्षमा ४ वटा विधेयक पारित भएको छ।

प्रदेश स्थापनाको ७ वर्षमा लुम्बिनीमा जम्मा ८४ कानुन निर्माण भएका छन्। प्रदेशसभाको पहिलो कार्यकालमा ७२ र दोस्रो कार्यकालको हालसम्मको अवधिमा १२ कानुन निर्माण भएको प्रदेशसभा सचिवालयले जनाएको छ।

मुख्यमन्त्री आचार्य प्रदेश सरकार संस्थागत हुने प्रयासमा अझै रहेको बताउँछन्। 'प्रदेशमा आउनुपर्ने अधिकारहरू अहिले पनि संघमा नै छन्। यसले गर्दा प्रदेश अधिकारकै लडाइँमा लाग्नु परिरहेको छ, यो अवस्थाको अन्त्य हुनुपर्छ', आचार्यले भने।

विगत ७ वर्षमा संघीयता कार्यान्वयन गर्न प्रदेश सफल भएको मुख्यमन्त्री आचार्यको दाबी छ।

'लुम्बिनी प्रदेशको आफ्नै प्रशासनिक संरचना, विकास मोडेल, जनअपेक्षा पूरा गर्न सक्षम हुने विश्वास छ', उनले भने।

# 'विपिन जोशीको अवस्थाबारे यथार्थ जानकारी भएन'

**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले हमासको नियन्त्रणमा रहेका नेपाली युवा विपिन जोशीको अवस्थाबारे यथार्थ जानकारी प्राप्त हुन नसकेको बताएकी छन् ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को ५८ औं उच्चस्तरीय सत्रमा भाग लिई शुक्रबार स्वदेश फर्किएपछि त्रिभुवन बिमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री राणाले विपिन जोशीको यथार्थ जानकारी प्राप्त हुन नसकेपनि रिहाइका लागि भने पहल गरिरहेको बताइन् ।



हमासको कब्जामा नेपाली रहेको भए रिहाइका हुने आश्वासन अन्तर्राष्ट्रिय जगतबाट पाएको उनले बताइन् । विपिन जोशीको रिहाइका लागि अधिकतम कूटनीतिक पहल गरेको उल्लेख गरिन् ।

त्यस्तै उनले उच्चस्तरीय सत्रमा नेपाललाई मानवअधिकार परिषद्को सदस्यमा मत दिन आग्रह गरिएको जानकारी दिइन् । मानवअधिकारको रक्षा र प्रवर्द्धनमा नेपालको प्रतिवद्धताका विषयमा जानकारी गराइएको उनले बताइन् ।

उनले जेनेभामा रहँदा विभिन्न देशका विदेशमन्त्रीहरुसंग महत्वपूर्ण द्विपक्षीय भेटवार्ता भएको जानकारी दिइन् । मन्त्री डा.देउवा ६ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गत शनिबार जेनेभा पुगेकी थिइन् ।

# शैक्षिक क्षेत्र सुधार गर्न नयाँ शिक्षा ऐन आवश्यक : मन्त्री भण्डारी




**बैतडी/मस–** उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीले शैक्षिक क्षेत्र सुधारका लागि नयाँ शिक्षा ऐन आवश्यक रहेको बताएका छन् ।

शुक्रबार नेपाल राष्ट्रिय शिक्षक संगठन बैतडीको १८ औं जिल्ला अधिवेशनको उद्घाटन गर्दै उनले समग्र शैक्षिक क्षेत्रको विकासका लागि नयाँ शिक्षा ऐन ल्याइन लागिएको बताए ।

मन्त्री भण्डारीले भने,'नयाँ शिक्षा ऐन चाँडै आउनेछ, सबै शिक्षकहरुका मागहरुलाई अधिकतम रुपमा सम्बोधन गर्ने र शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्ने हिसाबले सरकारले ऐन उक्त ल्याउन लागेको हो ।'

शिक्षकहरुका तर्फबाट व्यक्त भएका मागहरुलाई ऐनले सम्बोधन गर्ने दाबी गर्दै उनले यसको लागि सरकार लागिपरेको जानकारी दिए । नयाँ आउने शिक्षा ऐनले सबै शिक्षकहरूका मागहरूलाई सम्बोधन गर्ने र शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्ने उनको दाबी छ । शिक्षकहरूका तर्फबाट व्यक्त भएका मागहरूलाई ऐनले सम्बोधन गर्ने उनले बताए ।

अहिले एमाले र कांग्रेस मिलेर राष्ट्रिय आवश्यकताका आधारमा सरकार निर्माण गरिएको मन्त्री भण्डारीको भनाइ छ । सरकारले अध्यादेशमार्फत ल्याएका कानुनहरू अहिलेको आवश्यकता भएकाले सांसदबाट पारित गर्नुपर्ने उनको तर्क छ ।

यस्तै देशको अर्थतन्त्र सुधारका लागि सबै पक्ष एक भएर अघि बढ्नुपर्नेमा मन्त्री भण्डारीको जोड छ । अर्थतन्त्रमा सुधार आएमात्रै देशका समस्या समाधान हुने भएकाले सबै क्षेत्र मिलेर जानुपर्ने उनले बताए ।

नेपाल राष्ट्रिय शिक्षक संगठन बैतडीका अध्यक्ष प्रेमराज भट्टको अध्यक्षतामा भएको अधिवेशनमा नेपाल राष्ट्रिय शिक्षक संगठन केन्द्रीय अध्यक्ष विष्णु भण्डारी विशिष्ट अतिथि थिए । अधिवेशनले परमानन्द भट्टको अध्यक्षतामा नेपाल राष्ट्रिय शिक्षक संगठन बैतडीको २५ सदस्यीय नयाँ नेतृत्व समेत चयन गरेको नेपाल शिक्षक संगठन बैतडीका निवर्तमान अध्यक्ष प्रेमराज भट्टले बताए ।

# रहिनन् पहिलो महिला न्यायाधीश श्रेष्ठ



**काठमाडौं/मस–** नेपालको पहिलो महिला न्यायाधीश शारदा श्रेष्ठको शुक्रबार निधन भएको छ ।

८४ वर्षीया पूर्वन्यायाधीश श्रेष्ठको महाराजगञ्जस्थित प्रहरी अस्पतालमा उपचारका क्रममा निधन भएको हो । स्वास्थ्यमा समस्या देखिएपछि उनी केही दिनदेखि त्यहाँ उपचाररत थिइन् ।

सर्वोच्च अदालतमा पुग्ने उनी दोस्रो महिला न्यायाधीश थिइन् । सर्वोच्च अदालतको न्यायाधीशका रूपमा श्रेष्ठले २ वैशाख २०६१ देखि २१ ज्जेठ २०६५सम्म कार्यरत रहिन् । उनी अधिकृत देखि नै न्यायक्षेत्रमा कार्यरत थिइन् । उनका दुई छोरा छन् ।

# दक्षिणासहित साधु सन्तलाईको विदाइ



**काठमाडौं/मस–** महाशिवरात्रिमा पशुपतिनाथको दर्शन गर्न आएका साधुसन्तलाई दक्षिणासहित बिदाइ गरिएको छ ।

साधुसन्तलाई गुठी संस्थान र पशुपति क्षेत्र विकास कोषले दक्षिणासहित शुक्रबार बिदाइ गरेका हुन् । साधुसन्त नेपाल प्रवेश गरेदेखि नै खाने बस्ने र धुनीको व्यवस्था संस्थान र कोषले गरेको थियो ।

गुठी संस्थान र कोषले साधुसन्तहरूको वर्गीकरण गर्दै त्यहिअनुसारको खर्चको व्यवस्था गर्दै आएको छ । नागाबाबा, गोरखनाथ सम्प्रदायका नवनाथ बाबा, वैरागी, सन्यासी र सामान्य बाबाको वर्गीकरण गरी दक्षिणा दिने प्रचलन रहेको छ । वर्ग अनुसार २ सयदेखि ९ हजारसम्म दक्षिणा दिइएको गुठी संस्थानका सहायक प्रशासक बैकुण्ठ प्रसाद रेग्मीले जानकारी दिए । साधुसन्त बिदाइकै लागि गुठी संस्थानले छुट्याएको बजेटमा आधा रकम थप गर्दै कोषले साधुसन्तको विदाइ गर्दै आएको छ ।

महाशिवरात्रिमा पशुपतिनाथमा दर्शनका लागि आएका साधुसन्तलाई पशुपतिनाथको विभिन्न स्थानमा राखी खाने, बस्ने एवम् धुनीका लागि काठको व्यवस्था गरिएको थियो । महाशिवरात्रिका लागि विभिन्न स्थानबाट आएका साधुसन्तलाई फागुन कृष्ण औंसीका दिन दक्षिणासहित बिदाइ गर्ने परम्परा छ ।

# सडक कालोपत्रेको काम अलपत्र



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ फागुन

रौतहट राजपुर नगरपालिकामा सडक कालोपत्रेको काम अलपत्र परेको छ । हुसैन आयल्स निगमदेखि पानी ट्यांकी बजारसम्मको सडक कालोपत्रेको काम अलपत्र परेको हो ।

सडकको शिलान्यास पूर्वमन्त्री मोहम्मद अफताब आलमले गरेका थिए । संसदीय कोषबाट ९ करोडभन्दा बढीको बजेटमा बन्दा बन्दै रनिङ्ग विलमार्फत ८ करोड रकम निकासा भएको र एक करोड भन्दा बढी रकम बाँकी रहँदा ठेकेदारले काम त्यतिकै छोडेका छन् । बनेको कालोपत्रे सडक पनि गुणस्तरहीन भएको स्थानीयले बताएका छन् । सडक कालोपत्रे नहुँदा आवात जावतमा समस्या भएको स्थानीयको भनाइ छ । सडक कालोपत्रेका लागि छिट्टै सम्बन्धित निकायले ध्यान जानुपर्ने स्थानीयको माग छ ।

# एक हप्तादेखि उठेन फोहोर



**नवलपुर/मस–** फोहोरको डम्पिङ साइड विवाद सुल्झन नसक्दा नवलपुरको सदरमुकाम कावासोतीमा विगत एक हप्तादेखि फोहोर उठ्न सकेको छैन । फोहोर नउठ्दा सदरमुकाम कावासोती प्रदूषित बन्दै गएको छ । स्थानीयहरूले फोहोर जलाउन थालेपछि यसले वायु प्रदूषण समेत बढाएको छ ।

कावासोतीका स्थानीय कुलप्रसाद भुसालले फोहोर नउठ्दा बाटोमा हिँड्न समेत मुस्किल बन्दै गएको बताए । कावासोतीका चोकचोकमा फोहोर थुप्रन थालेका छन् । फोहोर नउठेर दुर्गन्धित हुँदै गएपछि स्थानीयले फोहोर जलाउन थालेका छन् । कावासोती-१६ मा रहेको अंकुर सामुदायिक वनले फोहोर फाल्न नदिएपछि कावासोतीको फोहोर उठ्न नसकेको हो ।

सामुदायिक वनले आफूहरूसँग ५ वर्ष अगाडि भएको सम्झौता कार्यान्वयन नभएको भन्दै फोहोर डम्पिङ गर्न रोक लगाएको हो । २ दिनअघि नगरपालिका र अंकुर सामुदायिक वनका बीचमा फोहोर व्यवस्थापन सम्बन्धी सम्झौता भएको थियो ।

तर, त्यसको कार्यान्वयनको अवस्था नहेरी फोहोर फाल्न दिने अवस्थामा आफूहरू नभएको अंकुर सामुदायिक वनका अध्यक्ष लोकबहादुर केसीले बताए । उनले भने, 'हामीले पटकपटक डम्पिङ साइड व्यवस्थापनको लागि ध्यानाकर्षण गरायौं । सुनुवाइ नभएपछि बाध्य भएर फोहोर फाल्न रोक लगाएका हौं ।'

सामुदायिक वन र नगरपालिकाबीच फोहोरलाई वर्गीकरण गर्ने, कुहिने फोहोरलाई कम्पोष्ट मलको रूपमा परिणत गर्ने, नकुहिने फोहोरलाई थप वर्गीकरण गरी बिक्री हुने चिजलाई बिक्री गर्ने लगायतको सहमति भएको थियो । कावासोती नगरपालिकाले अंकुर सामुदायिक वनको नजिकै केरुङ्गे खोला छेउमा विगत ५ वर्षदेखि फोहोर फाल्दै आएको थियो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लिलाराज पौडेलले अंकुर सामुदायिक वनसँग सहमति भएको भन्दै अब छिट्टै फोहोर उठ्ने बताए । उनले भने, 'हामी सहमतिमा पुगेका छौं । सहमति अनुसारका काम सुरू भएका छन्, अब छिट्टै फोहोर उठ्छ ।' पौडेलले फोहोर उठाउने ठेकेदारसँग पनि छलफल भएको भन्दै डम्पिङ साडको व्यवस्थापन छिट्टै हुने बताए । पौडेलले छिट्टै फोहोर उठाउने बताए पनि सामुदायिक वनसँग भएको सम्झौता कार्यान्वयनको प्रक्रिया अगाडि बढेको छैन । सम्झौता अनुसार काम गर्ने हो भने पनि अझै एक साता फोहोर उठ्न समय लाग्ने पौडेलले बताए । रोकिएको फोहोर उठाउनुपूर्व फोहोर फालिएको ठाउँमा सरसफाइ गर्ने र त्यसपछि थप प्रक्रिया अगाडि बढाएर फोहोर उठाइने सहमति नगरपालिका र सामुदायिक वनबीच भएको थियो ।

# स्वास्थ्यमन्त्रीलाई प्रश्न–२२५ दिनमा के–के डायग्नोसिस गर्नुभयो ?




**पोखरा/मस–** ३ दशक अघि नेपालमा चिकित्सकको दरबन्दी ११ सय १२ जना थियो । २०४८ यता अहिलेसम्म पनि चिकित्सको दरबन्दी उत्ति नै छ । संघीयता कार्यन्वयनमा आएपछि प्रदेशले बल्लतल्ल ७ सय चिकित्सकको दरबन्दी थपेका छन् ।

२०४८ सालको जनसंख्या १ करोड ८० लाख थियो । पछिल्लो जनगणना अनुसार जनसंख्या बढेर २ करोड ९१ लाख पुगेको छ । नेपाल मेडिकल काउन्सिलका अनुसार ४ वर्षमा चिकित्सकको संख्या ८ हजार ६ सय २४ पुगेको छ । तीनैमध्यका ६ हजार ३ सय ६८ जनाले विदेश जानका लागि असल चारित्रिक प्रमाणपत्र लिएका छन् ।

स्वास्थ्य क्षेत्रमा रहेको जनशक्तिको रुपरेखा प्रस्तुत गर्दै पोखरामा जारी १२ औं संस्करणको एनसेल फाउन्डेसन नेपाल लिटरेचर फेस्टिभलमा 'स्वास्थ्य सेवामा जनताको पहुँच' अन्तरसंवादमा स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल, मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला र मधुमेह तथा हर्मोन रोग विशेषज्ञ डा. सन्तोष शाक्य बहसमा जुटे ।

अन्तरसंवादको सहजीकरण गरेका पत्रकार योगेश ढकालले स्वास्थ्यमन्त्री पौडेललाई प्रश्न गरे, '२२५ दिनमा स्वास्थ्य मन्त्रालयको प्रयोगशालाबाट के-के डायग्नोसिस गर्नुभयो? पेन किलर नै खाएरै ठीक हुनुपर्ने रहेछ की सर्जरी नै गर्नुपर्छ भन्ने देख्नुभयो?'

स्वास्थ्यमन्त्री पौडेलको जवाफ थियो, 'सर्जरी नै गर्नुपर्छ ।' सेवा विस्तार गर्ने सन्दर्भमा केही न केही सुधार भएको उनले दाबी गरे ।

'अनुभूति दिलाउन केही समय लाग्छ । सिटामोल दिएर हुन्छ या सर्जरी गर्नुपर्छ भन्ने सन्दर्भमा धेरै ठाउँमा सर्जरी गर्नुपर्छ । नीतिगत, व्यवस्थापकीय, लगानीको पक्षमा सर्जरी नै गर्नुपर्ने स्थिति देखिन्छ,' पौडेलले भने । उनले राज्यले सबै क्षेत्रमा जनशक्ति बढाए पनि स्वास्थ्य क्षेत्रमा छुटाएको बताए ।

मन्त्री पौडेलले केही समयमा ५ सय चिकित्सकको विज्ञापन खोल्ने बताए ।

सरकारले ५ सय जना चिकित्सको दरबन्दी सिर्जना गर्न स्रोतका दृष्टिले सम्भव नभएको मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाले जिकिर गरे । त्यसका लागि सार्वजनिक निजी साझेदारी मोडलमा जानुपर्ने उनले सुझाए ।

सार्वजनिक नीजि साझेदारी किन महत्वपूर्ण छ भने अहिले नेपालमा सफलतापूर्वक चलेका संस्थाहरू यही मोडलमा चलेको उनले उदाहरण दिए । नेपाल सरकारले कागजमा भएको कुरा व्यवहारमा उतार्न नसकेको यो नीतिलाई कार्यन्वयनको पहल थाल्नुपर्ने डा. कोइरालाले सुझाव दिए ।

मन्त्री पौडेलले जनशक्तिसँगै उपकरण र पूर्वाधारको सन्दर्भमा पनि सुधार जरुरी रहेको बताए । उनको आग्रह थियो, 'निराशा नबाँडौं, धेरै पूर्ण भएको छैन । व्यवस्थित भएको छैन ।'

उनले जनसंख्या र सहर बढेपनि अस्पताल भने बढ्न नसकेको बताए। 'अब शहर धेरै बने । पहिलेका शहरमा मानिस पनि थपिए । तर, अस्पताल र अस्पताललाई चाहिने अरु पक्ष थप्न नसकेको कुरा सत्य हो', उनले भने ।

मन्त्री पौडेल आवश्यकताको आधारमा सरकारले पहिलो प्राथमिकतामा अस्पताल थप्नुपर्ने बताउछन् । उनी भन्छन्, 'हामीले भनिरहेको समाजवाद स्वास्थ्यभित्र भेटिएन भने कहीं पनि भेटिदैन । नेपालको संविधानमा स्वास्थ्यप्रति जे प्रतिबद्धता जनाइएको छ त्यो पूरा हुन सकेन भने संविधान लागू भएको मान्न सकिदैन । त्यसो हुनाले स्वास्थ्य क्षेत्र एकदमै अपूर्ण छ ।'

स्वास्थ्यमा जनताको पहुँच बढाउन अर्थ व्यवस्थापनमा जोड दिन डा. कोइरालाको आग्रह थियो । 'स्वास्थ्यमा पहुँचको परिभाषाभित्र बहुतत्व पर्छन् । पहिलो प्राविधिक क्षमता जनशक्तिदेखि लिएर उपकरण, प्रविधि, पूर्वाधारको सुनिश्चितता हो, सँगसँगै आर्थिक व्यवस्थापन पनि,' उनले भने, 'उपचारसँगसँगै मूल्य कस्ले व्यहोर्छ । आजको दिनमा स्वास्थ्यमा कति खर्च हुन्छ? त्यसको ५४ प्रतिशत खर्च जनताले उपचारको बेला खल्ती वा पटुका कताबाट निकाल्न सकिन्छ त्यताबाट निकालेर बुझाउँछन् ।'

जनताले खल्तीबाट तिर्ने भन्ने बाध्यता हटाउन चुनौति रहेको उनको भनाइ छ । 'स्वास्थ्यकर्मीमाथि हुने दुर्व्यवहार पनि आर्थिक व्यवस्थापनकै कारण हो । आर्थिक व्यवस्थापन गर्न नसकेमा जनतामा स्वास्थ्यको पहुँच अभिवृद्धि हुन सक्दैन', उनले भने । पहुँच पुर्याउने ठाउँमा अस्पताल बनाउने र अर्थ व्यवस्थापन गर्न उनको सुझाव छ ।

नेपालमा विदेशबाट उपकरणसँगै औषधि आयत हुने कारण निजी अस्पतालको सेवा महंगो पर्ने अर्का चिकित्सक डा.सन्तोष शाक्यले बताए । 'संविधानमा आधार भूत स्वास्थ्य राज्यले व्यवस्था गर्नुपर्ने उल्लेख छ । त्यस्तै स्वास्थ्य सेवामा समान पहुँच हुनुपर्छ भनेर भनिएको हो', उनी भन्छन्, 'त्यस्तो भन्दै गर्दा हाम्रो निजी अस्पतालमा समान स्वास्थ्य सेवा, सहुलियत, तिर्नसक्ने दरमा र सहज पहुँच हुन आवश्यक छ ।'

# भूकम्पबाट ६ जना घाइते



**काठमाडौं/मस–** सिन्धुपाल्चोकको भैरबकुण्ड आसपास केन्द्रबिन्दु भएर शुक्रबार बिहान गएको भूकम्प धेरै जिल्लामा महसुस गरिएपनि सात जिल्लामा भने असर पुर्याएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

नेपाल प्रहरीका प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले प्राप्त विवरण अनुसार भूकम्पका कारण सिन्धुपाल्चोक, भोजपुर, काठमाडौं, दोलखा, संखुवासभा, म्याग्दी र धादिङमा मानिस घाइते हुनुका साथै केही घरमा क्षति भएको जानकारी दिए ।

उनका अनुसार भूकम्पका कारण ती जिल्लाका छ जना घाइते भएका छन् । सबै क्षेत्रमा गरेर कूल एक पूर्ण र तीन आंशिक गरी चार घर तथा एउटा गोठमा क्षति पुगेको छ । सिन्धुपाल्चोकको कोदारीमा एक प्रहरी कार्यालयमा पनि आंशिक क्षति पुगेको प्रहरीले जनाएको छ ।

काठमाडौंमा दुई जना घाइते भएका छन् भने संखुवासभामा दुई घरमा क्षति पुगेको छ । सिन्धुपाल्चोकमा एक कैदी घाइते भएका छन् । तीन परिवार विस्थापित भएका प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । ती जिल्लामा अहिलेसम्म प्राप्त विवरण अनुसार १३ वटा घटना भएका प्रहरी नायब महानिरीक्षक आचार्यले उल्लेख गरे ।

शुक्रबार बिहान २ बजेर ५१ मिनेटमा भूकम्प गएको थियो । उक्त भूकम्प देशका धेरै जिल्लामा महसुस गरिएको थियो ।

# 'काठमाडौं शैक्षिक मेला' सुरू



**काठमाडौं/मस–** विद्यालय शिक्षालाई वैज्ञानिक र व्यावहारिक तथा विद्यार्थीको रूचि र अभिभावकहरूको चाहनाअनुरूप सञ्चालन गर्ने उद्देश्यले काठमाडौं महानगरपालिकाले 'काठमाडौं शैक्षिक मेला-२०८१' आयोजना गरेको छ ।

शैक्षिक गुणस्तर सुधारसँगै बालबालिकाको शैक्षिक, शारीरिक, मानसिक, चारित्रिक विकास, विद्यालयको पूर्वाधार, शिक्षकको क्षमता विकासलगायत कार्यक्रमको विम्ब समेटिएको मेला दुई दिनसम्म सञ्चालन हुने छ । सो मेलाको महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले उद्घाटन गरिन् । राष्ट्रिय सभागृहमा सञ्चालन भएको मेलामा विद्यार्थीले सिकेका ज्ञान र सीपको प्रस्तुति र प्रदर्शन गरेका छन् ।

मेलामा 'बुक फ्री फ्राइडे' अन्तर्गतका ३५ वटा शैक्षिक उपसमूहका स्टलमार्फत रूचि र नतिजा प्रदर्शन गर्नुका साथै मेलामा सामुदायिक विद्यालयले दिवा खाजाका रूपमा रू.३० उपलब्ध गराउने खाजा १० वटा स्टलबाट सबैलाई रू.३० मा नै उपलब्ध गराइएको छ । उपप्रमुख डंगोलले भनिन्,'मेलामा नेपाल भाषा, मौलिक संस्कृति, वेशभूषा झल्काउने प्रदर्शनी, मौलिक बादन तथा गायन प्रस्तुति समावेश गएको छ ।'

करिब ५० हजार विद्यार्थी सहभागी मेलामा विद्यार्थीका अनुभूति कोरिएका एक हजार बढी स्केचिङ प्रदर्शन गरिएको छ । महानगरभित्र ८७ वटा सामुदायिक विद्यालयमा ६१ हजार तीन सय २९ जना विद्यार्थी छन् । पाँच सय २४ वटा संस्थागत विद्यालयमा दुई लाख १० हजार नौ सय ३४ जना गरी दुई लाख ७२ हजार दुई सय ६३ जना विद्यार्थी अध्ययनरत छन् ।

पुस्तक-समीक्षा

# किन दुखिरहन्छ मान्छेको मन ?

*मानसिक स्वास्थ्य र अन्य विषयमा पत्रपत्रिकामा लेखिरहने डा. विश्वबन्धु मानसिक स्वास्थ्य क्षेत्रका स्तम्भ हुन् । राज्य वा उनले निको बनाएका बिरामीहरूले उनलाई कति सम्झे, फरक कुरा हो । योगदानका हिसाबले मानसिक स्वास्थ्यका क्षेत्रमा उनले जति स्पष्ट ढंगले अरूले लेख्न सकेका छैनन्...*



■ रसुवाली कवि

भृकुटीमण्डपस्थित 'नारायण दाइको पसल'मा बेलाबखत महत्त्वपूर्ण पुस्तकहरू आइरहेका हुन्छन् । पुस्तकप्रेमीहरूका लागि पुस्तकालय, पुस्तक पसल वा क्याफेका साना लाइब्रेरी तीर्थस्थल हुने गर्छन् । नारायण दाइको मःमः पसलको मात्र चर्चा हुने यस शहरमा नारायण दाइको पुस्तक पसल पनि मेरा लागि महत्त्वपूर्ण छ । पुगिरहेको हुन्छु ।

नारायण दाइको पुस्तक पसलमा एउटा सानो पुस्तक भेट्छु, 'मानसिक स्वास्थ्यका विविध आयाम ।' लेखक हुन्छन् बरिष्ठ मनोचिकित्सक डा. विश्वबन्धु शर्मा । एउटा कवितासंग्रह र त्यो पुस्तक लिएर म बागबजार आइपुग्छु । एउटा क्याफेमा बसेर त्यो पुस्तक पढ्न थाल्छु ।

पुस्तकको भाषा र पुस्तकले बनाइरहेको भाष्य गज्जब लाग्छ । नेपाली भाषामा मानसिक स्वास्थ्यलाई वैज्ञानिक ढंगले पर्गेल्ने डाक्टर को होलान् ? पुस्तक लेख्ने एकदम कम छन् मनोचिकित्सकहरू । त्यसपछि म आइपुग्छु उनै शर्मा प्रशंसित पुस्तक 'मान्छेको मनसम्म ।' बृहत् आकारको यो पुस्तक ध्यानस्त भएर पढ्न थाल्छु ।

म पुस्तक समीक्षक होइन । एक जना समालोचकले समीक्षा भनेर लेखेको लेखलाई पुस्तक चर्चा भनेर छापेछन् । मलाई समीक्षक हुन झ्याउ लाग्छ । म फरम्याटका समालोचकहरूबाट दिक्क छु, आजित छु । म मान्छेको मन पुस्तक पढेपछि लेख्न लागिरहेको छु ।

भनिन्छ, १३ देखि १५ प्रतिशत मानिसहरू उपचार गरिनुपर्ने मानसिक समस्याबाट आजित छन् । मानसिक स्वास्थ्यलाई हेर्ने दृष्टिकोणको बदनामीले थुप्रै मानिस मानसिक रोगको उपचार गराउन सक्दैनन् । रोग लुकाउँछन् । एउटा हदसम्म पुगेपछि त्यो आत्महत्याको कारकसमेत बन्ने गरेको पाइन्छ । डाक्टर शर्माको अनुभवप्रधान पुस्तक मान्छेको मन पढिरहँदा नेपालमा मानसिक स्वास्थ्यको दर्दनाक स्थिति छर्लंग हुन्छ ।

नेपालको जनसंख्याको ठूलो हिस्सा मानसिक रूपमा पीडित छ । तर, मानसिक रोगको उपचार गराउने ठूलो अस्पताल पाटनको मानसिक अस्पताल मात्र छ । त्यहाँ दक्ष मानसिक रोग विज्ञ कति छन् ? उनीहरूले कति जनासम्म धान्लान् ? स्वाभाविक रूपमा भन्न सकिन्छ, एकदम थोरै मानिसलाई मात्र धान्न सक्छ त्यस अस्पतालले ।

भर्खरै म महाराजगन्जस्थित शिक्षण अस्पतालको मानसिक वार्डमा पुगेको थिएँ । एउटा सटर जस्तो ठाउँमा खाँदिएर डाक्टरहरू उपचार गराइरहेका थिए । उदासीन बिरामीहरूको भावभंगिमा हेर्दा मनमा बेग्लै भाव उठेको थियो । स्पष्ट थियो- मानसिक स्वास्थ्यलाई अहिले पनि लुकाउनुपर्ने रोगका रूपमा हेरिन्छ ।


मानसिक समस्या विशेषगरी युवा अवस्थामा धेरै देखिने शर्माले पुस्तकमा उल्लेख गरेका छन् । देशका लागि श्रममार्फत योगदान दिनुपर्ने युवाहरू नै मानसिक रोगी बनेको दृष्टान्तले डाक्टर शर्मालाई छोएको छ । उनले आफ्नो जीवनको निकै ऊर्जाशील समय नेपालमा मानसिक स्वास्थ्यसम्बन्धी चेतना जगाउन र उपचार गर्न खर्च गरेका छन् ।

उनले काठमाडौं मात्र नभई पूर्वी नेपालको झापादेखि पश्चिम नेपालको पोखरासम्म पुगेर बिरामीहरूलाई सेवा दिएका छन् । यस अवधिमा उनले मानसिक रोगको डाक्टर हुँदा खेपेको खिसी, दूरदूर पनि उत्तिकै उल्लेखनीय छ । नेपाली समाजमा एउटा हदसम्म मानसिक स्वास्थ्यलाई जटिल स्वास्थ्य समस्या हो र यो उपचारमार्फत निको हुन्छ भन्ने चेतना जगाउन शर्माले निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

दशौं हजार बिरामीको उपचार गरेका शर्माको अनुभव गहिरो छ, मानसिक स्वास्थ्यका क्षेत्रमा । उनले केही प्रतिनिधि घटनालाई पुस्तकमा उल्लेख गरेका छन् । एउटा घटना यस्तो छ :

शर्मा लेख्छन्- मैले भर्खर काम सुरु गरेको थिएँ । एक जना गिरी थरका पश्चिमतिरका न्यायाधीश साइकोसिस रोग लागेर उपचारका लागि आए । वरिपरिको वातावरणलाई सही किसिमले मूल्यांकन गर्न नसक्ने, त्यसलाई गलत अर्थ लगाउने, डराउने, भ्रमहरू हुने आदि अवस्था थियो ।

उनलाई आफूले पहिला गरेका फैसलाका झगडियाहरू मिलेर पिछा गरिरहेको भ्रम हुन थालेको थियो । यही भ्रमका कारण उनी डराउँदै हिँड्न थालेका थिए । मैले औषधि उपचारका साथै उनी तथा परिवारलाई केही सल्लाह पनि दिएँ ।




*नेपाली समाजमा मानसिक रोगलाई पूर्वजन्ममा गरेका पापको कारण उत्पन्न हुने समस्याका रूपमा चित्रण गरिन्छ । ज्योतिषीहरू भन्छन्, 'आठौं घरमा बसेको चन्द्रले गर्दा तपाईं डिप्रेसनमा जानुभयो, अब पीपलको बोटमा पानी चढाउनुस्, सोमबार व्रत बस्नुस्, स्वतः समस्या हराएर जान्छ ।'*

यस्तो समस्या सुरु भएपछि नैतिकताले पनि अदालतमा फैसलासम्बन्धी काम गर्न मिल्दैन । यस अवस्थामा उनको निर्णय त्रुटिपूर्ण हुन सक्ने सम्भावना त छँदै छ, रोगका लक्षणहरू बढ्ने खतरा पनि हुन्छ । त्यस कारण फैसलासम्बन्धी कार्य उहाँको र समाजको पनि हितमा थिएन । मन्त्रालय वा अदालतमै पनि फैसलाबाहेकका न्यायसम्बन्धी अरू कार्य गर्नु उचित हुन्छ भनेको थिएँ ।

आजसम्म मैले गरेका फैसलामा हार्ने पक्षहरू एकजुट भएर मेराविरुद्ध षडयन्त्र गरिरहेका छन् । मलाई फसाउने, मार्ने, दुःख दिने तयारी भइरहेको छ भन्ने भ्रम परेकाले उनी भाग्ने, लुक्ने गर्न थालेका थिए ।

मकहाँ उनी ३-४ महिनाजति उपचारका लागि आए । उपचार गर्दै जाँदा निकै राम्रो सुधार भएको थियो । नोकरी अवधि लामो भइसकेकाले केही समयपछि उनले सेवाबाट अवकाश लिए । त्यसपछि मेरो सम्पर्कमा आएनन् ।

मानसिक रोग र त्यसमा पनि साइकोसिस भइसकेपछि हेराइ, दृष्टिकोण नै उल्टापाल्टा हुन्छन् । त्यस कारण न्यायाधीश वा यस्तै महत्त्वपूर्ण पेसा नगर्नु राम्रो हो । (**मान्छेको मन, पृष्ठ : १०६-१०७**)

नेपाली समाजमा मानसिक रोगलाई पूर्वजन्ममा गरेका पापको कारण उत्पन्न हुने समस्याका रूपमा चित्रण गरिन्छ । ज्योतिषीहरू भन्छन्- आठौं घरमा बसेको चन्द्रले गर्दा तपाईं डिप्रेसनमा जानुभयो, अब पीपलको बोटमा पानी चढाउनुस्, सोमबार व्रत बस्नुस्, स्वतः समस्या हराएर जान्छ । यी यस्ता गलत धारणालाई डाक्टर शर्माले खारेज गर्ने प्रयास गरेका छन् ।

पुस्तक पढ्दा थाहा लाग्छ, थुप्रै पटक धामीझाँक्रीकहाँ पुगेका र अन्तिममा शर्मासम्म आइपुगेका बिरामीहरू निको भएका छन् । उनी धामीझाँक्रीको विश्वास नगर्न आग्रह गर्छन् । मानसिक समस्यालाई झारफुकबाट थोरै पनि घटाउन नसकिने शर्माको अनुभव रहेको छ ।

मानसिक रोगका अनेकौं प्रकार हुन्छन् । नेपाली समाजमा डिप्रेसन र एन्जाइटीको मात्र चर्चा पाइन्छ । 'मान्छेको मन'भित्र मानसिक रोगका दर्जनौं प्रकारको चर्चा गरिएको छ ।

रुस पुगेर उच्च शिक्षा अध्ययन गरेका शर्माले रुसमा देखेको समाजलाई केलाएका छन् पुस्तकमा । कतिपय ठाउँमा उनले डाक्टर बन्न गरेको संघर्षका आयामहरू पढ्दा रोचक लाग्छ । तत्कालीन समयको नेपाली समाजको समेत चित्रण गरेका छन् यस पुस्तकमा डाक्टर शर्माले ।

पुस्तकमा स्वास्थ्य क्षेत्रमा हुने राजनीति, खिचातानी र प्रतिस्पर्धालाई उल्लेख गरिएको छ । राजनीतिक पहुँचका आधारमा हुने छोइछिटोको रोचक वर्णन गरिएको छ । लोकतान्त्रिक आन्दोलनमा लाग्दाका तीतामीठा पलहरू र त्यसपछिका राजनीतिक परिदृश्यले पक्कै पनि डाक्टर शर्मालाई खिन्न बनाएको छ । स्वयं मनोचिकित्सकको मन पनि दुखेको छ । गुनासाहरू हुनु सायद ज्युँदो मान्छेको स्वभाव हो ।

एक पटक डाक्टर शर्मा चर्चित प्रकारको ध्यान पनि बस्न पुगेका थिए । त्यो ध्यानबाट उनले एकाग्रता पनि पाए । यो प्रसंग उनको अघिल्लो पुस्तकमा छ । तर, डाक्टर शर्माको अनुभव के छ भने, कुनै पनि प्रकारको ध्यान बसेर मानसिक रोग निको हुँदैन बरु मानसिक रोगको उपचार नै गराउनुपर्छ । उनको विश्वास मेडिकल साइन्सप्रति दृढ रहेको देखिन्छ ।

मानसिक स्वास्थ्य र अन्य विषयमा पत्रपत्रिकामा लेखिरहने डाक्टर विश्वबन्धु मानसिक स्वास्थ्य क्षेत्रका स्तम्भ हुन् । राज्य वा उनले निको बनाएका बिरामीहरूले उनलाई कति सम्झे, फरक कुरा हो । योगदानका हिसाबले मानसिक स्वास्थ्यका क्षेत्रमा उनले जति स्पष्ट ढंगले अरूले लेख्न सकेका छैनन् । लेखिएका सामग्रीहरू पनि यति व्यवस्थित ढंगले प्रकाशमा आएका देखिँदैन । अहिले पनि शर्मा कर्मक्षेत्रमा नै सक्रिय छन् । मान्छेको मनभित्र डाक्टर शर्मालाई पढ्दा उनी मान-सम्मान खोजी हिँड्ने मानिस पक्कै पनि होइनन् । उनी कर्ममा रमाउने असल चिकित्सक लाग्छन् ।

यो पुस्तक जोकोहीका लागि महत्त्व राख्ने खालको छ । अर्को शब्दमा भन्दा संग्रहणीय छ ।

पुस्तकको अन्तिम गातामा लेखिएको छ- 'पढ्दै गर्दा तपाईंले समाजको चित्र पाउनुहुने छ । कतै तपाईं हाँसेर हुरुक्क हुनुहुने छ, कतै भावुक बन्नुहुने छ । भाषा यति रसिलो र खँदिलो छ कि ठाउँठाउँमा तपाईंले वाह ! भन्नुहुने छ ।'

'मान्छेको मन' पक्कै पनि पठनीय छ, अझ भनौं, मननीय छ ।

# विश्वासघात

कथा



■ कुञ्जदेवी उपाध्याय

सधैं जस्तै आज पनि रतनले बिहानै मोबाइलमा खबर लगाएर दाँत ब्रस गर्न पेस्ट लगायो । त्यो उनको आदत बनेको थियो । खबर पनि के आउँछ र ! जतातत‍ै गाडी एक्सिडेन्ट, मृत्यु, हत्या कति सुन्नु ! नसुनी पनि मन मान्दैन !

ब्रस २-४ सर्का दलेको मात्र थियो, कोही रोएको आवाज आउँछ । बोली चिनेजस्तै लाग्छ रतनलाई । उनी मोबाइलतिर आँखा लगाउँछन् । हातबाट ब्रस खुत्रुक्कै भुइँमा झर्छ । मुख हतार-हतार पानीले धोएर उनी जसै त्यसै सर्ट-प्यान्ट जीउमा हाल्छन् र ढोकामा ताल्चा लगाउँछन् । लाग्यो कि लागेन, हेर्ने समय हुँदैन ।

ग्यारेजबाट गाडी निकालेर उनी बाटोमा पुग्छन् । गेट बन्द नगरीकन गाडी हाँकेर बाटो लाग्छन् । हावाको गतिमा गाडी अघि बढ्छ । उनको कोठादेखि हस्पिटलसम्म पुग्न ४ घण्टा लाग्छ । उनी आफ्नो छातीको धड्कन बढेको अनुभव गर्छन् ।

गाडी हस्पिटल अघिल्तिर रोकेर उनी आत्तिँदै एउटी नर्सलाई सोध्न पुग्छन्, 'आज बिहान एडमिट गरेकी रञ्जु नाउँकी केटी कहाँ छन् सिस्टर ?'

नर्सले हातले एउटा कोठा देखाउँदै त्यहाँबाट चुपचाप गएको देखेर रतनको मनमा डर र शंकाले भयभीत पार्न थाल्छ । उनी कुदेर कोठाभित्र पुग्छन् । एउटा जिउँदो लास भएर लडिरहेकी हुन्छिन् रञ्जु ।

हिजो रातिको घटना । बिहानै प्रातः भ्रमणमा निकालेका मान्छेले देखेर पुलिसलाई खबर दिएछन् । 'रञ्जु ! यो के भयो तिमीसँग ? अब के हुन्छ ? तिमी बाँचे पनि यो समाजले बाँच्न देला र ! जेसुकै भनोस् समाजले, तिमी बाँच्नै पर्छ मेरा लागि ।'

बाहिर उभिरहेका मानिसहरू भन्दै थिए, 'यस्तो भएर बाँच्नुभन्दा मर्नु नै राम्रो ।'

'त्यसो नभन्नु । उनी मर्दिनन् ।'

'ए रतन, के सोचेर उभिएका हौ ? अगाडि कोही छैनन्, छिटो भित्र जाऊ ।'

आकाशको हात काँधमा पुग्दा रतन झसंग हुन्छ । ऊ एउटा सपिङ कम्प्लेक्सका छेउमा पाउँछ आफूलाई । अतीतले पिछा नछाडेको देखेर आफैं छक्क पर्छ । शरीर पसिनाले निथ्रुक्क भिज्छ ।

मुख रुमालले पुछ्दै आकाशसँग कुरा गर्न थाल्छ, 'के भन्नु साथी, मलाई एकछिन एक्लै हुँदा अनेक किसिमका याद आउँछन् । काममा मन बस्दैन । आफूलाई एकदमै एक्लो जस्तो लाग्छ ।'

'त्यसो भनेर हुँदैन रमेश । तिमी बिगतका कुराहरू भुलेर नयाँ चिन्ता गर । जे हुनु थियो, भयो । अब सोचेर आउँदैन ।'

'के किन्न यहाँ आएका थियौं, हिँड । म पनि दसैंका लागि आमा र बहिनीलाई लुगा किन्ने विचारमा छु ।'

रतनले मनमनै सोचे, उनी पैसा निकाल्न बैंक आएका थिए । यो सपिङ कम्प्लेक्समा कसरी आइपुगे, उनलाई थाहै भएन । 'ए आकाश ! आज कति महिनामा हाम्रो भेट भयो ? हिँड चिया पिएर एकछिन गफ गरौं ।'

दुवै होटेलमा चिया पिउन जान्छन् । रमेश रञ्जुको कुरा गर्दै मन अमिलो पार्छन् अनि आमाले बिहे गर्न बारम्बार भनेको कुरा आकाशलाई सुनाउँछन् ।

'अब रञ्जुको कुरा छोड रमेश । तिमी शिक्षित र जागिरे भएर पनि यति कमजोर हुनु हुँदैन । नयाँ सोच । दसैंमा हाम्रो घर आउनू, धेरै बात मारौंला ।' सपिङ गराइ भएन । दुवै साथी आफ्नो गन्तव्यतिर लागे ।

कोठाभित्र पसेर रतन यताउति हेर्छन् । आमा र बहिनीसँग खिचेको फोटो एकोहोरो हेरिरहन्छन् उनी ।

'बहिनी ! नारी भएर पनि तिमी कति स्वार्थी रहिछ्यौ ? किन तिमीले मेरी रञ्जुलाई हटाउने षडयन्त्र गर्‍यौ मेरो जीवनबाट ?'

रतनले आफ्नो जम्मा पुँजीबाट धेरै खर्च गरे रञ्जुलाई बचाउन । बिस्तारै स्वास्थ्यमा सुधार आयो । हस्पिटलबाट डिस्चार्ज गरेपछि उनी आफ्नो घर गइन् ।

पढेलेखेकी स्मार्ट रञ्जु अब परिवर्तित रूपमा देखापर्छिन् । उनी कसैसँग बात गर्दिनन् । आफ्नै कोठाभित्र आफूलाई बन्द गरेर राख्न मनपराउँछिन् । गरिब भए पनि स्वाभिमानी स्वभावकी उनी समाजदेखि भाग्न चाहन्छिन् । रतन उनलाई हौसला दिन्छन् । 'त्यसो हैन रञ्जु, तिमी साहसी हुनुपर्छ । निक्लनुपर्छ समाजको अघि । म तिम्रो साथ दिन्छु । तिम्रो केही दोष छैन ।'

दिन बित्दै जान्छ । रतन घरमा आमालाई बुझाउने कोसिस गर्छन् । तर, आमा एउटै कुरामा लागिरहन्छिन् ।

'हुनै सक्दैन । त्यो केटीलाई बुहारी पारेर घरमा ल्याउँदा समाजले थुक्छ हामीलाई ।'

बैनी रीमाको कुरो पनि एउटै हुन्छ ।

रीमा आफ्नो घर छाडेर माइतीघर आएर बसेको २ वर्ष बित्यो । उनी आमाको माया पाएर कसैको कुरा सुन्दिनन् । बाबाका पेन्सनका पैसा सबै आमाले उनैलाई दिन्छिन् । जे मन लाग्यो त्यही गर्ने, जताततै घुम्ने उनको एक प्रकारको आदत भएको छ । रतन हप्तामा मात्र घर आउँछन् । घरमा उनको कुरा आमा पनि सुन्न मान्दिनन्, बहिनी पनि । उनीहरूले स्पष्ट सुनाइदिए, 'रञ्जुलाई बिहे गर्ने भए हामी २ को लासमाथि चढेर घरमा भित्र्याउनुपर्छ ।'

मोबाइलको घन्टी बज्छ । रतनको भावनामा बिराम लाग्छ । 'हेलो साथी, घर पुग्यौ ? आज तिम्रो मुड ठीक थिएन । त्यही भएर खबर लिएको ।'

'आइपुगें । हिजोआज मेरो मुड कहिल्यै ठीक हुँदैन साथी ! कतै न कतै मलाई आफैंलाई दोषी जस्तो लाग्छ रञ्जुको आत्महत्याका लागि ।'

'त्यो तिम्रो मनको वेदना हो रतन । तिमी उनलाई ज्यादै माया गर्थ्यौ । उनले बुझेर पनि बुझ्न खोजिनन् । मर्नु समस्याको समाधान होइन थियो । तर, के गरून् बिचरी ! उनको आत्मसम्मानमा ठेस लाग्यो अनि त्यसको फाइदा उठायो अरू कसैले ।'

'के भन्न खोजेका आकाश !'

'हो रतन ! एउटा तीतो सत्य । तिमीलाई भन्ने विचार थिएन तर तिम्रो हालत देखेर भन्न मन लाग्यो । फोनमा होइन । तिमी मेरो घर आऊ । सबै भन्छु । तिम्रो शून्य हृदयमा निराशाको बिउ रोप्ने तिम्रै घरका मान्छे हुन् ।'

'आज राति भयो । खाना खाएर सुत अब । धेरै टेन्सन लिनु हुँदैन यार !'

रतनलाई रातभर निद्रा लाग्दैन । उनी फेरि एकपल्ट अतीत खोतल्न पुग्छन् । रञ्जुको आत्महत्याको कारण के होला ? रातको १० बजिसकेको हुन्छ ।

रञ्जुकी आमाको फोन बज्छ बिस्तारै । उनी डराउँदै ओछ्यानबाट बोल्छिन्, 'को हो ?'

'म रतन हुँ, आन्टी !'

उनी रिसाउँछिन् । 'अब किन फोन गर्छौ ? तिम्रो बैनी आएर मेरी छोरीको प्राण गयो । अब के चाहियो ?'

'त्यही जान्नु थियो आन्टी !'

फोन काटेर रतन बेस्सरी रोए । रात्रिको सन्नाटालाई चिर्दै उनको आँसुको भेल रञ्जुसम्म पुग्यो ।

रञ्जुलाई आफ्नै अघिल्तिर उभिएको देखे । हात लम्काएर छुन खोज्दा उनी तर्किंदै पर गइन् अनि भनिन्। 'रतन, अब मलाई नखोज । म तिम्रो मायाले तृप्त भएँ । तिमी आकाशकी बैनी नम्रतालाई बिहे गर । मलाई त्यहीँ पाउने छौ ।'

'जीवनमा नसोचेको घटना घट्दो रहेछ ! दिदी-बहिनीले पनि कति विश्वासघात गर्दा रहेछन् ! मेरो खुसी छिनेर के मिल्यो बैनी ?'

जीवनको नयाँ पन्ना लेख्न तयार भएर अर्की रञ्जुलाई हेर्ने आशाले रतन आकाशको घर पुग्छन् ।

कविता

## जानेहरूलाई



डा. ईश्वरमणि अधिकारी

जान्छु भन्नेहरू
भन्छन् तर जाँदैनन्
जसरी जूनले जान्छु भन्छ
जान्छ, फर्किरहन्छ
नदी, गइरहन्छ एकतमास
बादल भएर फर्कन्छ ।

यादहरू मात्रै हुन्
जो जान्छु भन्दैनन्
र, जाँदैनन् पनि
मात्र आइरहन्छन् ।

भन्दिनँ म
'करिमले ठग्यो' त भन्दै भन्दिनँ
बदलामा यस्तो भन्न रुचाउँछु
- 'जे प्राप्त छ, त्यो पर्याप्त छ
जे प्राप्त छैन, त्यसको मोह पनि छैन'
र पनि सक्दिनँ म
जाऊ भन्न
जान्छु भन्नेहरूलाई पनि ।

जो जहाँ भए पनि
समयभन्दा छिटो
कोही ब्युँझन्न धरामा
र, ब्युँझिएको अभिनय
निदाएको भन्दा घातक हुन्छ ।

जानेहरू सम्झेर किन दुखी हुनु ?
जो गएकै हुँदैनन्
किन दुख्नु बेफ्वाँकमा ?

त्यसो त
दुःख छ र सुखको अर्थ छ
दुःखबाट निःशरण भ्रमबाहेक केही हुनै सक्दैन ।

उडिजाने चराहरू
गए जस्ता देखिन्छन् तर गएका हुँदैनन्
पुतलीहरू फूलदेखि उडे पनि
उड्ने आखिर फूलैसम्म हो ।

जानेहरू हो
जानै नै भए जानू
तर, याद लिएर नजानू ल !

कविता

## भोगाइको अनुभव



जीविका अश्रु

आँखामा आशा
हृदयमा विश्वास
जीवनको यात्रा
धार्मिक मार्ग ।

सपना होइन, सत्यको खोजी हो
धर्म सुखको आधार हो
पर्वतहरूको शिखरमा उठेर हेरें
धर्मको मार्ग सधैं उचाइमा छ ।

सपना र भ्रामक दुनियाँलाई त्यागिदिएँ
आत्मा र परमात्मा त एकै-एकै हुन्छन्
मनको शान्ति नै जीत हुन्छ
यात्रा यही
निरन्तर चलेमा
अन्ततः हामी प्रेम पाउँछौं
धार्मिक जीवनमा पूर्णता पाउँछौं ।

यस यात्रामा
शक्ति र प्रेम
हरेक पानामा लेखिएको हुन्छ
जब हृदयमा प्रेम र आत्मामा शान्ति हुन्छ
अनि भगवान्मा समर्पित हुन्छ
तब यो जीवन असल रूपमा अर्थपूर्ण बन्छ ।

भन्नेहरू यसै भन्छन्
भोग्नेहरूले कहिले भेटेनन् ईश्वर
त्यसैले हामी
विचारको पाटो पछ्याऔं
कर्मको बाटो पछ्याऔं
न कि अन्धविश्वासको ।

सप्तरंगी इन्द्रेणीको रङभन्दा
उज्यालो प्रकाश त हामीभित्र छ
परिश्रम गरेर त हेर
परिश्रम गरे नमिल्ने के छ र यहाँ ?

# कतारमा नेपालीहरूको लगानीमा ‘नमस्ते नेपाल ज्वेलरी’

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १६ फागुन



वैदेशिक रोजगारीका लागि आकर्षक कर्मभूमि मानिएको मध्यपूर्वको देश कतारमा रोजगारीसँगै व्यवसाय गर्ने नेपालीहरूको संख्या बढ्दो क्रममा छ ।

साढे तीन लाख नेपाली रहेको कतारमा करिब १५ सय नेपालीहरूले व्यापार व्यवसाय गर्छन् । यही व्यवसायमध्ये सुनचाँदी व्यवसायमा नेपालीहरुको प्रत्यक्ष लगानी नभइ रहेको अवस्थालाई चिर्दै विजय वि.क (स्याङ्जा),रोहित गहतराज(पोखरा८ बगलेटोल), सुनिल कँडेल (चितवन) र कृष्णबहादुर श्रेष्ठ (स्याङ्जा) मिलेर कतारमा ‘नमस्ते नेपाल ज्वेलरी’ सुनचाँदी पसल सञ्चालनमा ल्याएका छन् । सल्वा रोडको बिएमडव्लु सोरुमको पारीपट्टी एनखालिद पट्टि रहेको अल नाइफ सुकभित्र शुक्रबार उक्त पसलको स्पोन्सर(संरक्षकत्व प्रदान गर्ने व्यक्ति कफिल)ले रिबन तथा केक काटेर उद्घाटन गरेका छन् ।

कफिलले व्यावसायिक सफलताको शुभकामना व्यक्त गरे । नेपालीहरूको बाक्लो बस्ती रहेको सनैया क्षेत्रको नजिक रहेको उक्त पसलमा आइपुग्ने ग्राहकहरूका लागि पर्याप्त पार्किङसहित विशेष सुविधा पनि उपलब्ध रहेको सञ्चालकहरूले बताए । सुनचाँदी व्यवसायमा ३० वर्ष भन्दा लामो समय व्यतित गरेका सञ्चालक मध्येका केहिले नेपालमा पनि सोही व्यवसाय गरेको अनुभव सुनाए । उनीहरूले कतारको पसलमा पनि नेपाली कालीगढ कार्यरत रहेको हुँदा नयाँ फेसनसहित नेपाली कला, संस्कृति झल्कने गहना १०० प्रतिशत बाइब्याक ग्यारेन्टीका साथ बिक्री गरिने बताएका छन् । रसायन बिना र बिना छलकपटविशुद्ध सुननै बिक्री गर्ने प्रतिबद्धता संचालकले गरेका छन् ।

एकपटक ग्राहकको विश्वास टुट्यो भने त्यो विश्वास पुनः पाउन गाह्रो हुने र महंगा गरगहना सदैव सबैले खरिद पनि नगर्ने र सधैं लगाएर पनि नहिँड्ने हुँदा विश्वासमा सदैव अडिग रहनुपर्ने उनीहरूको बुझाइ छ ।

कतिपय नेपाली श्रमिकको आय कम हुने हुँदा आफ्नो पसलमा आउने प्रत्येक नेपालीलाई प्रति रति १/२ रियाल भएपनि कम दाममा बिक्री गर्ने उनीहरूले बताएका छन् । न्यून आय भएका र साथमा यातायात नभएका कसैले पनि टाढासम्म दुःख नपाओस् भन्ने आफ्नो चाहना रहेको बताउँदै ग्राहकहरूलाई कहिल्यै निराश नबनाउने उनीहरुले प्रतिबद्धता जनाएका छन् । टाढा-टाढाका ग्राहक पसलमा आएर फर्कन नपरोस् भन्ने हेतुले सुनको दररेट तथा आफूलाई आवश्यक गरगहनाका बारेमा ३१०००७८१ नम्बरमा फोन या ह्वाट्सएपमार्फत बुझेर आउन सकिने सुविधा रहेको उनीहरुले बताएका छन् । पसल बिहान ९ बजेबाट राति १० बजेसम्म हप्ताको सातै दिन खुल्ला रहनेछ ।

# अर्घाखाँचीलाई धार्मिक पर्यटन हवका रूपमा विकास गरिने



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १६ फागुन

लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यले अर्घाखाँची जिल्ला लुम्बिनी प्रदेशमै धार्मिक तथा अन्य पर्यटकहरुको आकर्षणको मुख्य केन्द्र बन्दै गएको बताएका छन् । अर्घाखाँचीको सुपा देउराली मन्दिर संरक्षण समितिको १३ औं वार्षिक साधारण सभाको शुक्रबार उद्घाटन गर्दै आचार्यले धार्मिक पर्यटन प्रवर्द्धनका लागि डिजिटल प्रविधिको उपयोग सुपादेउरालीमा गर्नुपर्नेमा जोड दिए ।

‘अर्घाखाँची धार्मिक, सांस्कृतिक र पर्यटनको दृष्टिकोणले अपार सम्भावना बोकेको जिल्ला हो । यहाँ पाणिनी तपोभूमि, अर्घा दरबार, मालारानी नरसिंह थान, बलकोट पौवा, सिद्धेश्वर मन्दिर जस्ता ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरु छन् । यिनै क्षेत्रलाई समेटिएको धार्मिक पर्यटकीय हबको रुपमा प्रदेश सरकारले विकास गर्न चाहेको छ’मुख्यमन्त्री आचार्यले भने, ‘सुपा देउराली मन्दिरमा वार्षिक लाखौं भक्तजन आउने गरेका छन्, व्यवस्थित प्रचार-प्रसार गर्न सकियो भने धार्मिक पर्यटन अझ विस्तार गर्न सकिन्छ । धार्मिक पर्यटकहरु आकर्षित हुँदै गएको पाएका छौं । थप व्यवस्थित गरेर अघि बढ्न तीनै तहका सरकारको सहयोग जरुरी छ ।’

आचार्यले डिजिटल युगमा धार्मिक पर्यटकीय क्षेत्रहरूको प्रचारप्रसारलाई प्रविधिसँग जोड्न आवश्यक रहेको उल्लेख गर्दै भने,‘सुपा देउरालीका गतिविधि तथा प्रगतिलाई दैनिक रूपमा जनताको बीचमा हिसाब किताब सार्वजनिक गर्नुपर्छ । अब एउटा डिजिटल पेज बनाएर हरेक दिनको विवरण अद्यावधिक गर्ने प्रणाली विकसित गरिनुपर्छ ।’

मुख्यमन्त्री आचार्यले सुपा देउराली मन्दिरलाई थप व्यवस्थित बनाउन आवश्यक रहेको बताउँदै सफाइ, सुरक्षा र व्यवस्थापनमा सुधार गर्न निर्देशन दिए ।

मुख्यमन्त्री आचार्यले धार्मिक पर्यटकहरूको आगमन बढाउने हो भने योजनाबद्ध रूपमा काम गर्न आवश्यक रहेको बताए ।

व्यवस्थित प्रचार-प्रसार गर्न सके वर्षको १५-२० करोड रुपैयाँ आम्दानी गर्न सकिने गुरुयोजनाले तोकेको निर्माण कार्य गर्न अब अरू कसैको मुख ताक्नुपर्ने अवस्था नरहने भन्दै उनले धार्मिक पर्यटनको दीर्घकालीन सम्भावनामा जोड दिए ।

### रिंकु सदा मृत्यु प्रकरण
## न्यायको माग गर्दै प्रदर्शन



**प्रदिप सिंह/मध्यान्ह**
लहान, १६ फागुन

सिरहाको नवराजपुर गाउँपालिका-१, भगवतीपुरकी १७ वर्षीया रिंकु कुमारी सदाको रहस्यमय मृत्यु प्रकरणमा न्यायको माग गर्दै लहानमा प्रदर्शन गरिएको छ । मुसहर समुदायका सदस्यहरूसहित स्थानीय नागरिकहरूको सहभागितामा लहानको मुख्य चोक, गेट क्षेत्र तथा पूर्वपश्चिम राजमार्गमा प्रदर्शन गरिएको हो ।

प्रदर्शनका क्रममा ‘रिंकु सदालाई न्याय देऊ !’, ‘बलात्कारीलाई कडा कारबाही गर !’ जस्ता नाराहरू गुञ्जिएका थिए । आक्रोशित स्थानीयहरूले केहीबेर सडक अवरुद्ध गर्दै दोषीमाथि कठोर कारबाहीको माग गरेका थिए । दबाबमूलक प्रदर्शनपछि लहान नगरपालिका वडा नम्बर १, मटियार्वास्थित श्री आधारभूत विद्यालयको परिसरमा कोणसभा गर्दै आन्दोलन समापन गरिएको थियो ।

# चोरी शिकार नियन्त्रण युवा परिचालन अभियान दिवस मनाइँदै



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १६ फागुन

विश्व वन्यजन्तु दिवसको अवसरमा बर्दिया राष्ट्रिय निकुञ्ज आसपासका युवाहरुले चोरी शिकार नियन्त्रण युवा परीचालन अभियान दिवस मनाउने भएका छन् ।

निकुञ्ज आसपासका युवाहरु स्वःस्फुर्त ढंगबाट वन, वन्यजन्तु संरक्षण गर्न भन्दै निकुञ्ज संरक्षण अभियानमा जुटेको १६ वर्ष पुगेको छ । सोही अवसरमा यहि फागुन १९ गते गेरुवा गाउँपालिका ६ स्थित कल्पेश्वर खेल मैदानमा दिवस मनाउन लागिएको हो ।

चोरी शिकार नियन्त्रण अभियानमा स्वतःस्फुर्त रुपमा युवाहरु जुटेको दिनलाई सम्झना गर्दै फागुन २७ गते चोरी शिकार नियन्त्रण युवा परिचालन अयिभान दिवस मनाउँदै आइएको थियो । बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका युवाहरुले नेपाल सरकारले विश्व बन्यजन्तु दिवसकै दिन चोरी शिकार नियन्त्रण युवा अभियान मनाउने निर्णय गरेपछि २०७१ बाट मार्च ३ का दिन दुवै दिवस एकसाथ मनाउन थालिएको हो ।

चोरी शिकारको अन्त्य गर्न वन र वन्यजन्तु जोगाउन २०६५ सालदेखि युवाहरुले थालेको यस अभियानमा निकुञ्ज आसपासका बर्दिया र सुर्खेतको उत्तरी क्षेत्रका मध्यवर्ती क्षेत्रमा रहेका १९ वटा उपभोक्ता समिति र १९ वटै चोरी शिकार नियन्त्रण युवा परिचालन अभियान सञ्जालका झण्डै ३ हजार ५ सय युवाहरु सहभागी रहने चोरी शिकार नियन्त्रण युवा परिचालन अभियान सञ्जाल बर्दियाका अध्यक्ष हेमन्त आचार्यले बताए ।

उनका अनुसार दिवसका अवसरमा संरक्षण सम्बन्धी विभिन्न झाँकी प्रदर्शनी, संरक्षण सचेतना ¥याली र स्थानीय कलाकारहरुद्वारा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरिनेछ ।

# महिलालाई अर्गानिक खाना पकाउने तालिम



**सरु भुसाल/मध्यान्ह**
सन्धिखर्क,१६ फागुन

सन्धिखर्क नगरपालिका वाड नम्बर ७ खाचिकोटले महिलाहरुलाई मिठो खाना बनाउने तालिम दिएको छ ।

स्थानीयस्तरमै उत्पादन भएको वस्तुबाट कसरी मीठो र स्वास्थ्यकर खानेकुरा पकाउन सकिन्छ भन्नेबारे जानकारी होस् भन्ने उद्देश्यले १० दिने तालिम दिइएको हो ।

वडा नम्बर ७ का वडाध्यक्ष चुराबहादुर केसीले भने, ‘तालिम लिइसकेपछि उहाँहरूले पहिलेभन्दा फरक किसिमले खाना बनाउने तरिका सिक्नु भएको छ । अब त्यो सिकाइ व्यवहारिक रुपमा लागू गर्ने अपेक्षा राखेका छौं ।’

स्थानीय स्तरमा नै उत्पादन भएका वस्तुबाट बिहानको नास्ता, खाना, खाजा बनाएर खुवाउन सक्ने भएको तालिममा सहभागी गिता केसीले बताइन् ।

तालिममा घरेलु उत्पादनलाई कसरी मीठो र स्वादिलो बनाउन सकिन्छ ?, पाहुनाको रुची अनुसार कसरी खानेकुरा बनाउन सकिन्छ ?, खाना बनाउँदा के कुरामा ध्यान दिनुपर्ने रहेछ ?, भन्ने कुरा विषयमा प्रशिक्षण दिइएको प्रशिक्षक रुकमिणा पराजुलीले बताइन् ।

स्थानीय स्तरमा नै उत्पादित वस्तुको प्रयोग गरी अझै कसरी खाना पकाउने भन्ने तरिका जानेको तालिममा सहभागी कमला आचार्यले बताइन् । तालिमको समापन कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले स्थानीय स्तरमा उत्पादन हुने सामग्रीबाट अर्गानिक खाना बनाउने तालिमले स्थानीयलाई आत्मनिर्भर र स्वरोजगार बनाउन मद्दत गर्ने बताए । १० दिनसम्म सञ्चालन भएको तालिममा स्थानीय १६ जनाको सहभागिता रहेको थियो ।

# सुख्खा बन्दरगाहका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा छिट्टै दिइने



**वीरगन्ज/मस-** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले वीरगन्जस्थित सुख्खा बन्दरगाह विस्तारका लागि सरकारले अधिग्रहण गरेको जग्गाको मुआब्जा अझै वितरण हुन नसकेकोमा चिन्ता व्यक्त गरेका छन् ।

वीरगन्ज-२५ मा अवस्थित सुख्खा बन्दरगाहको निरीक्षण भ्रमण तथा जनताको गुनासो बुझ्न अतिक्रमित गाउँ पुगेका मन्त्री गुप्ताले जग्गाधनीहरूले लामो समयसम्म पनि मुआब्जा पाउन नसक्नु चिन्ताको विषय भएको बताएका हुन् ।

मुआब्जा पीडित संघर्ष समितिका बिजय कुमार तिवारीले वर्षौंदेखि जग्गा अधिग्रहण गरेर सरकारले पीडितलाई मुआब्जा नदिँदा स्थानीयवासी मर्कामा परेको सुनाए । यो समस्यालाई तत्काल सम्बोधनका लागि संसदमा समेत विषय उठान गरिदिन उनले मन्त्री गुप्तालाई आग्रह गरे ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले बाँकी रहेको मुआब्जासम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाइसकिएको जानकारी दिँदै अब जग्गाधनीहरूले छिट्टै मुआब्जा पाउने आश्वासन दिए ।

सरकारले सुख्खा बन्दरगाह विस्तारका लागि वीरगन्ज-२५ को करिब ३०० घरधुरी भएको ६२ बिघा जग्गा सात वर्ष अगाडिदेखि रोक्का गरेर राखेको छ । कार्यक्रममा मुआब्जा पीडित संघर्ष समितिका अशोक चौधरी, वडाध्यक्ष आशुतोष चतुर्बेदी, वडा नम्बर १७ का वडाध्यक्ष सञ्जु छत्कुली, सञ्जय पटेल, भैयाराम प्रसाद, रामानन्द पटेल, शिव पटेललगायतको सहभागिता थियो ।

**कुवेतमा रोजगार**
कम्पनी: GALATICO CAFETERIA COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/११/१५ — चलानी नं.: ६०२३३६७१ — L.T. No.: 319606

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SALES GIRL (FEMALE) | 0 | 4 | स. काममा दक्ष | 140 | ६३,१७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २४ गते (8 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713

**साइप्रसमा रोजगार**
कम्पनी: Theodora Chrysanthou (Lic. NO. 172) — शहर: LIMASSOL
पूर्व स्वीकृत मितिः २०८१/११/१५ — चलानी नं.: ६०२३३६७० — LT. No.: 319550

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ५८,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २५ गते (9 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sundar Nepal Overseas Pvt. Ltd. — Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01- 4578460.
Mo.: 9851017680, 9851231399 Email: Sundarnpo@gmail.com

**साउदीमा रोजगार**
कम्पनी :SOLID TOWER CONTRACTING EST. — शहर : DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/११/१५ — चलानी नं.: ६०२३३७०२ — LT. No.:319460

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन २४ गते (8 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. २०९/०५७/०५८
मादी ओभरसिज सर्भिसेस प्रा. लि.
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८१११३८, ५१८००३९
फ्याक्स: ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

**साउदीमा रोजगार**
कम्पनी: ISTIKANA AMAL CAFE FOR SERVING DRINKS — शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/११/१५ — चलानी नं.: ६०२३३७२४ — L.T. No.:319408

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1400 | ५१,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ फागुन २५ गते (9 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PERFECT DESTINATION PVT. LTD. — Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5269014, 01-5268998 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

**UAE/SAUDI मा रोजगार**

1. TTE Facilities Management, UAE
पूर्व स्वीकृती मितिः २०८१/११/१५ — चलानी नं. : ६०२३३७०७ — LT No.: 319456

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner (Female) | 0 | 25 | कामामा दक्ष | 1099 | 82,000/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cleaner (Male) | 50 | 0 | | 1050 | 80,200/- | | | | | | | |

2. Ginco Elect. & Sanitary Cont. Co. LLC, UAE
पूर्व स्वीकृती मितिः २०८१/११/१५ — चलानी नं. : ६०२३३७१४ — LT No.: 319526

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Aircondition Mechanic | 30 | 0 | कामामा दक्ष | 1000 | ३८,३००/- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Assistant Technician/Telecommunication | 20 | 0 | | 1000 | ३८,३००/- | | | | | | | |
| ३. | Electrician Assistant | 50 | 0 | | 1000 | ३८,३००/- | | | | | | | |
| ४. | Electrician | 30 | 1 | | 1200 | ४६,०००/- | | | | | | | |
| ५. | Mechanic Assistant | 10 | 0 | | 1000 | ३८,३००/- | | | | | | | |
| ६. | Plumber | 30 | 0 | | 1200 | ४६,०००/- | | | | | | | |
| ७. | Plumber Assistant | 30 | 0 | | 1000 | ३८,३००/- | | | | | | | |

3. Dana Bay Maintenance and Operation Co., Saudi
पूर्व स्वीकृती मितिः २०८१/११/१५ — चलानी नं. : ६०२३३७११ — LT No.: 319455

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Cleaning Labour | 3 | कामामा दक्ष | 1000 | ३७,५००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ फागुन २४ गते (8 March, 2025) यस प्रा. लि. को कार्यालय ताल्चिखेल, ललितपुरमा हुनेछ ।

श्रम ईजाजत नं.: ५७२/०६२/०६३
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**साउदीमा रोजगार**
कम्पनी : ABDUL AZIZ A. AL-AJLAN TRANSPORTATION CO.LTD — शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/११/१५ — चलानी नं.: ६०२३३६९९ — L.T. No.:319554

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY DRIVER TRAILER | 8 | 0 | स. काममा दक्ष | 1800 | ६६,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २४ गते (8 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

पुमोरी ओभरसिज प्रा. लि. — श्रम इजाजत नं. ७६५/०६५/०६६
गौरी मार्ग, गैरी गाउँ -९, काठमाडौं । फोन: ४११६८८५/४११६८८६
info@pumorioverseas.com, www.pumorioverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
१७ फागुन २०८१ शनिबार
1 March 2025, Saturday

# ६ महिनामा विद्युत प्राधिकरणको नाफा ११ अर्ब बढी




**काठमाडौं/मस** – नेपाल विद्युत प्राधिकरणले चालु आर्थिक वर्ष पहिलो ६ महिनामा ११ अर्ब ३६ करोड रुपैयाँ नाफा कमाएको छ। सूचनाको हकसम्बन्धी ऐनको व्यवस्था बमोजिम सार्वजनिक गरिएको विवरणअनुसार प्राधिकरणले यस अवधिमा विद्युत बिक्री, ब्याज तथा अन्यबाट कुल ७० अर्ब ४४ करोड रुपैयाँ आम्दानी गरेको हो।

विद्युत खरिद, प्रशासनिक, विभिन्न आयोजनाहरूलगायतमा जम्मा ५९ अर्ब आठ करोड रुपैयाँ खर्च गरिएको छ। यसरी चालु आवको साउनदेखि पुस मसान्तसम्ममा प्राधिकरणको अप्रशोधित नाफा (करकट्टी गर्नुअघि) ११ अर्ब ३६ करोड रुपैयाँ हुने प्रक्षेपण गरिएको छ। आव ०७२/७३ मा आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षहरूबाट निरन्तर नाफामा छ। गत आव ०८०/८१ मा प्राधिकरणले १४ अर्ब ४६ करोड रुपैयाँ नाफा आर्जन गरेको थियो। आफूले कमाएको नाफाबाट प्राधिकरणले विद्युत उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार एवं सुदृढीकरण र विद्युतीकरणतर्फका आयोजनाहरूमा लगानी गरिरहेको छ।

प्राधिकरणले चालू आवको ६ महिनामा विद्युत बिक्रीबाट ५३ अर्ब १८ करोड रुपैयाँ संकलन गरेको छ। यस अवधिमा प्राधिकरणका सहायक तथा सम्बद्ध कम्पनीहरूबाट एक अर्ब १५ करोड र अन्य निजी उत्पादक कम्पनीहरूबाट पाँच अर्ब १६ करोड गरी जम्मा ६ अर्ब ३१ करोड युनिट विद्युत खरिद गरिएको छ।

# नेपाल इन्भेष्टमेन्ट मेगाको साधारण सभा सम्पन्न



**काठमाडौं/मस** – नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले आर्थिक वर्ष २०८०/८१ को ३८औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ। फागुन १५ गते सम्पन्न वार्षिक साधारणसभा पश्चात भएको निर्वाचनमा संस्थापक समूह तर्फबाट पृथ्वीबहादुर पाँडे सहित दिपंकर शाक्य उदय, प्रजन्य राजभण्डारी र मदनकुमार आचार्यको निर्विरोध निर्वाचित भएका छन्।

सर्वसाधारण शेयरधनी समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा कविकुमार टिवरेवाला र शालिकराम बेल्बासे निर्वाचित भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा बैंक ४ अर्ब ११ करोड रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको छ। आर्थिक वर्ष २०८०/८१ मा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको कुल निक्षेप ४६ अर्ब ५८ करोड रुपैयाँले वृद्धि भई ४ खर्ब ७ अर्ब रुपैयाँ पुगेको छ। त्यसैगरी आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा बैंकको कुल कर्जा तथा सापटी रकम ६ अर्ब १० करोड रुपैयाँले वृद्धि भई ३ खर्ब १८ अर्ब रुपैयाँ पुगेको छ।

अघिल्लो आर्थिक वर्षको अन्त्यमा नेपाल इन्भेष्टमेण्ट मेगा बैंकको कुल कर्जा तथा सापटी रकम ३ खर्ब १२ अर्ब रुपैयाँ रहेको थियो। यस बैंकको चुक्ता पुँजी ३४ अर्ब १३ करोड रुपैयाँ र कुल शेयरधनी कोश ६० अर्ब १७ करोड रुपैयाँ पुगेको छ।

# क्यापिटल म्याक्स सेक्युरिटीजको शाखा विस्तार



**पोखरा/मस** – क्यापिटल म्याक्स सेक्युरिटीज लिमिटेड (ब्रोकर नम्बर ६२) ले पोखरामा शाखा विस्तार गरेको छ। पोखरामा रहेका ग्राहकहरुलाई थप सुविधा होस् भन्ने उद्देश्यका साथ ब्रोकर नम्बर ६२ले पोखराको न्यूरोडमा शाखा विस्तार गरेको हो।

क्यापिटल म्याक्सका अध्यक्ष अतित लाल श्रेष्ठका अनुसार शेयर लगानीकर्ताको मागअनुसार पोखरामा शाखा विस्तार गरिएको हो। 'हामीले धितोपत्र बोर्डको नियम भित्र रहेर लगानीकर्तालाई बढीभन्दा बढी सेवा सुविधा दिने उद्देश्य अनुरूप पोखरामा पहिलो शाखा खोलेका छौं,' अध्यक्ष श्रेष्ठले भने, नेपालको पर्यटकीय राजधानी पोखराका लगानीकर्ताहरूले क्यापिटल म्याक्सबाट शेयर कारोबारका लागि सरल र सहज रुपमा सेवा सुविधा पाउनुहुनेछ भन्ने आशा गरेका छौं।'

काठमाडौंको कमलपोखरीमा मुख्य कार्यालय रहेको सो कम्पनीले देशका अन्य शहरहरूमा पनि छिट्टै नयाँ शाखा विस्तार गर्ने जानकारी दिएको छ। 'हाम्रो उद्देश्य भनेको देशभरका लगानीकर्ता समक्ष क्यापिटल म्याक्सको सेवा सुविधा सहज रुपमा पुर्याउनु हो,' उनले भने, 'तसर्थ भोलीका दिनमा अझ परिस्कृति सेवा सुविधा लिएर लगानीकर्ता समक्ष आउने छौं।'

विशेषगरी क्यापिटल म्याक्सले आफ्ना ग्राहकलाई सहजताको लागि अटो कोल्याटर लोड सुविधा अर्थात् लगानीकर्ताले शेयर बिक्री गर्नासाथ सो रकम बराबरको लिमिट तुरुन्तै पाउन सक्नेछन भने आफुले शेयर बिक्री गर्दा कति नाफा वा घाटा भयो, ब्रोकरमा आफ्नो नेटवर्थ, लगानी रकमजस्ता विषयको जानकारी तुरुन्तै पाउने सकिने छ।

# 'नयाँपन र सिर्जनाले पर्यटन विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन।




पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धनमा नयाँपन र सिर्जनाले महत्वपूर्ण भूमिका खेल्ने धारणा सो क्षेत्रका जानकारहरूले राखेका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा आयोजना गरेको 'चेन्जिङ ट्रेन्ड्स : रिथिंकिङ नेपाल्स टुरिजम' विषयक कार्यक्रमका वक्ताहरुले पर्यटन क्षेत्रमा सिर्जनात्मकता र नयाँपन जोड्नसके पर्यटन फस्टाउने धारणा राखेका हुन्।

कार्यक्रममा विश्व प्रसिद्ध हङकङ पोलिटेक्नकल विश्वविद्यालयका प्राध्यापक काये चोन प्रमुख वक्ताका रूपमा रहेका थिए। उनले विश्वमा पर्यटनको शैली बढ्न थालेको सन् १९५० देखि आगामी सन् २०३० सम्मको अवस्थामा केन्द्रित भएर आफ्नो प्रस्तुतीकरणलाई चित्रण गरे।

विश्व पर्यटनको रुपान्तरण केन्द्र यूरोपबाट भएको स्मरण गर्दै उनले संसारभर पर्यटनको शैलीको सुरुवात अन्तरदेशीय ट्राभलबाट हुन थालेको उल्लेख गरे। पर्यटन विकासको सुरुवात विश्वमा एसिया प्यासिफिकको पर्यटन शैलीमा भएको तीव्र रूपमा विकास भएको तथ्यांकले देखाएको उनको प्रस्तुतीकरणले उल्लेख गरेको छ।

पर्यटनको महत्वपूर्ण अंग मानिने होटलको विकासमा समेत विश्वभरको होटल निर्माणमा एसिया प्यासिफकको हिस्सा सबैभन्दा बढी देखिएको छ। यो क्षेत्रमा ४८ प्रतिशत होटल निर्माण भएको देखिन्छ। पर्यटकीय सेवाका लागि स्थापना भएका यस्ता होटलको विकास गर्नमा अमेरिका एक्लैले विश्वको १६ प्रतिशत हिस्सा ओगटेको पनि चेनले प्रस्तुत गरेको उक्त प्रस्तुतीकरणको तथ्यांकमा उल्लेख छ।

पर्यटन विकासमा एसिया क्षेत्रले महत्वपूर्ण योगदान गरेको पनि भनाइ छ। विश्वमा पर्यटन विकासमा होटलसँगै उत्कृष्ट विमानस्थलमध्येका अधिकांश एसियामै रहेको छन। पर्यटनमा एसिया क्षेत्रको उत्कृष्ट योगदान रहेको तथ्य उल्लेख गर्दै उनले एसियाको हस्पिटालिटी विश्वकै 'बेस्ट एण्ड युनिक' भएको पनि तर्क पनि उनले पेश गरे।

पर्यटन विकासको क्रममा 'एसियननेस' पर्यटनको विकास विश्वमै फरक देखिएको उल्लेख गर्दै उनले नयाँ सिर्जना गर्न सकिएको अवस्थामा पर्यटक क्षेत्रलाई थप आकर्षक बनाउन सकिने तर्क पेश गरे। उनले पर्यटनमा नयाँपन तथा नयाँ बाटो आवश्यक जहाँ अवलम्बन हुन्छ त्यहिँको पर्यटन विकासले गति लिने बताए। विश्वमा अहिलेसम्म निलो समुन्द्र नै धेरै चल्ने पर्यटनको गन्तव्यको रुपमा विश्वभरी परिचित भइरहेको छ। यसलाई नयाँपन र सिर्जना दिन सकिएको अवस्थामा मात्रै पर्यटकीय गन्तव्यले विकासमा महत्वपूर्ण भूमिका पर्यटनले नै खेल्न सक्ने पनि चोनले उल्लेख गरे।

पर्यटनको विकासमा उत्कृष्ट संस्कृतिको विकास पनि उत्तिकै महत्वपूर्ण हुन्छ। यसका लागि पर्यटन व्यापारलाई हाँक्न ग्राहक तथा कर्मचारीको सन्तुष्टि, उत्कृष्ट सेवा र आतिथ्यता नै भएको बुझाई उनको छ। आतिथ्यता क्षेत्रमाको पछिल्लो चुनौती मानव संशाधनको अभाव भएको पनि उनले उल्लेख गरे। उनले वर्क लाइफको सन्तुलन मिलाउनु महत्वपूर्ण भएको बताए। परिवारले करियर विकासमा महत्व दिनु, आत्म चाहना, सामाजिक सञ्जाल यसको प्रयोग, सक्षम नेतृत्वको निर्देशनसहितले पनि पर्यटन क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने उनले बताए।

उनले सन् २०२४ को एक सर्वेक्षणले एक सय जनामध्ये ५९ प्रतिशतले काम छोड्ने र ४१ प्रतिशत जनशक्तिले मात्रै होटल तथा आतिथ्यता क्षेत्रमा क्रियाशील भएको तथ्य प्रस्तुत गरेका छन्। यस्तो तथ्यांक अन्य क्षेत्रमा काम गर्ने भन्दा छोड्ने जनशक्ति बढी हुँदा एउटै क्षेत्रमा केन्द्रित भएर निरन्तर काम गर्ने जनशक्ति कम हुने गरेको देखाउँछ।


## UAE मा रोजगार

कम्पनी: ENGINEERING UNIT GENERAL CONTRACTING-SOLE PROPRIETORSHIP LLC शहर: ABU DHABI
पुर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३६९३ L.T. No.: 319477

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Suttering Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४९२८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 23 | 0 | | 1400 | ५३०७४ | | | | | | | |

कम्पनी: SAMA ZAMZAM SCAFFOLDING CONTRACTING L.L.C शहर: DUBAI
पुर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३६९५ L.T. No.: 319478

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | | 1200 | ४५४९२ | | | | | | | |
| 3. | Concrete Masons | 5 | 0 | | 1200 | ४५४९२ | | | | | | | |
| 4. | Plasterer | 10 | 0 | | 1200 | ४५४९२ | | | | | | | |
| 5. | Scaffolder | 40 | 0 | | 1200 | ४५४९२ | | | | | | | |
| 6. | Scaffolder Supervisor | 5 | 0 | | 1500 | ५६८६५ | | | | | | | |
| 7. | Steel Fixer | 10 | 0 | | 1200 | ४५४९२ | | | | | | | |

## मलेसियामा रोजगार

कम्पनी: ULTRUM SECURITY SERVICES SDN BHD शहर: SELANGOR
पूर्व स्वीकृत मितिः २०८०/१२/२५ चलानी नं.: ६०२१८०२२ L.T. No.:303105 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 11 | 0 | स. काममा दक्ष | 1500 | ४६,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: GUARD QUEST SECURITY SDN BHD शहर: Malaysia, Selangor
पूर्व स्वीकृत मितिः २०८१/०१/०२ चलानी नं.: ६०२१८२९४ L.T. No.: 303104 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1500 | ४६,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २४ गते (8 March 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि. श्रम ईजाजत नं.: १०३४/०७२/०७३
Tokha-11 Bhandari Tole, Tokha, Kathmandu, Nepal.
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com

## साउदीमा रोजगारको अवसर

कम्पनी : NOFA HOTELS COMPANY शहर: TEBRAK
पूर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३७४३ LT. No.: 319553

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter (Captain) | 1 | 0 | स. काममा दक्ष | 3000 | १११,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ फागुन २४ गते (8 March 2025) मा हुनेछ।

